**उपभोक्ता हकको रक्षा गरौं**
- खरीद-बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
- मिति/म्याद समाप्त भएको वस्तु बिक्री गर्नु,
- कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु,
- खाद्य पदार्थमा अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु,

जस्ता कार्य उपभोक्ताको हकविरुद्धका कार्य हुन्, यस्ता कार्य कानूनबमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस १४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 29 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२१

## मोतिहारी–अमलेखगंज पाइपलाइनको काम सम्पन्न, व्यवसायीहरू आन्दोलित

प्रस, वीरगज, १३ पुस/

भारतको मोतिहारीदेखि बाराको अमलेखगंजसम्म पाइपलाइनबाटै पेट्रोलियम पदार्थ आयात गर्न परीक्षण शुरू भए लगत्तै विभिन्न ढुवानी सङ्घले शनिवारदेखि आन्दोलन शुरू गरेका छन्।




अमलेखगंज पेट्रोलियम ढुवानी व्यवसायी सङ्घले लामो समयदेखि बरौनीदेखि अमलेखगंजसम्म पेट्रोलियम पदार्थ ढुवानी गर्दै आएको र अहिले सन् २०२५ को जनवरी १ देखि पाइपलाइनबाट पेट्रोलियम पदार्थ ढुवानी गरिने तयारी हुँदा १०४ वटा टयाङ्कर विस्थापित हुने भन्दै सङ्घले आन्दोलनमा उत्रनुपरेको जनाएको छ। आज अमलेखगंज डिपो अगाडि पत्रकार सम्मेलन गर्दै सङ्घले पाइपलाइनबाट पेट्रोलियम पदार्थको आपूर्ति गर्दा विस्थापित हुने टयाङ्करहरूको हकमा विचार पुर्‍याउन आग्रह गरेको थियो। आजदेखि शुरू भएको आन्दोलन वार्तापछि पुस २४ गते सहमति गर्नेगरी स्थगन गरिएको छ।

मोतिहारी–अमलेखगंज पेट्रोलियम पाइपलाइन विस्तारको सम्पूर्ण काम सकिएको र परीक्षणका लागि पाइपलाइनबाटै पेट्रोल र मटीतेल आयात गर्न थालिएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगंजका प्रमुख प्रलयङ्कर आचार्यले बताए।
पाइपलाइन परीक्षण गर्न तत्कालका लागि विस्तार गरिएको पाइपलाइनबाटै पेट्रोल पाँच हजार पाँच सय केएल र एक हजार केएल मटीतेल ल्याइसकेको प्रमुख आचार्यले बताए।

पाइप लाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्ने भनिए पनि आवश्यक तयारी पूरा नभएकाले केही दिन ढिला हुने उनले बताए। पाइलाइन विस्तार परियोजना अन्तर्गत भारतीय आयल निगमले अमलेखगंजस्थित डिपोमा चार हजार एक सय किलोलिटर क्षमताका दुईवटा पेट्रोल टङ्की, २५० किलोलिटर क्षमताका दुईवटा ट्रान्समिक्स ट्र्याक र पेट्रोल ढुवानीका लागि २४ वटा पूर्ण स्वचालित लोडिङ वे-रिफिलर, पम्प हाउस र प्रयोगशाला निर्माण गरिसकेको छ।

परियोजना अन्तर्गत फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्याउने ओडब्ल्युएस सिस्टम तथा पिएमसिसी कक्षसमेत निर्माण भएको छ। सन् २०२३ भित्र सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गर्नेगरी लिखिता इन्फास्ट्रक्चर प्रालिलाई ठेक्का दिइएको थियो। तर विभिन्न कारणले केही दिन अघि मात्र पाइपलाइन विस्तारको काम सकिएको प्रमुख आचार्यले बताए। यस्तै, पेट्रोल र डिजेल दुवै हुन सक्ने मिश्रित इन्धन राख्नका लागि दुईवटा ट्रान्समिक्स ट्र्याक र डिपोको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्र्याक भारतीय आयल निगमले निर्माण गरिदिएको छ।

परियोजना अन्तर्गत पहिलो चरणको काम सम्पन्न भई गत २०७६ भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको थियो। दोस्रो चरणमा पाइपलाइनबाटै पेट्रोल र मटीतेल आयात हुनेछ।

## आगामी चुनाव काङ्ग्रेसले एक्लै लड्छ –डा कोइराला

प्रस, वीरगंज, १३ पुस/

नेपाली काङ्ग्रेसको सय दिने विशेष अभियान अन्तर्गत शनिवार वीरगंज महानगरपालिका–३० लालपर्साको प्रसुतीपुरमा तेस्रो दिनको कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा प्रमुख अतिथि नेका पूर्वमहामन्त्री डा शशाङ्क कोइरालाले २०८४ सालको आमनिर्वाचनमा नेकाले कुनै पनि दलसँग गठबन्धन नगर्ने र एक्लै निर्वाचन लड्ने बताए।



उनले एक्लो बहुमत ल्याउने नेकाको अभियान रहेको र यसमा सबै नेता, कार्यकर्ताहरू एकजुट भएर लाग्न आग्रह गरे। उनले पार्टीबाट चुनाव लडेकाविरुद्ध अन्तर्घात गर्ने, बागी हुने परम्परालाई हटाउनुपर्ने बताए।

पूर्वमन्त्री एवं सांसद रमेश रिजालले अहिले गठबन्धनमा एमालेसँग सहकार्य गर्नुपरेको तर आगामी निर्वाचनमा नेका एक्लै चुनावमा होमिने बताए। उनले एमालेसँग मुख्य प्रतिस्पर्धा हुने भएकोले सोही अनुसारको तयारीमा लाग्न आग्रह गरे।

केन्द्रीय सदस्य अनिल रूँगटाले वीरगंज महानगरपालिकालगायत पर्सामा गठबन्धनको कारण काङ्ग्रेस कमजोर देखिएको र आगामी दिनमा महानगरसमेत जिल्लाका अधिकांश क्षेत्रमा नेका विजयी हुने दाबी गरे। उनले अभियानले नेकाप्रति आमजनताको भ्रम चिर्ने कार्य गरेको र यसले चुनावमा सफलता पाउने आधार बलियो बनेको बताए।

नेका पर्साका उपसभापति रामनारायण कुर्मीले नेकाभित्र समस्या पहिचान गरी सोको निराकरण गरिनुपर्ने सुझाए। अहिले पार्टीमा रहेका विवादलाई पनि अभियानकै क्रममा निराकरण गरिए महत्त्वपूर्ण उपलब्धि हासिल हुने जिकिर गरे।

## यस वर्ष पनि पर्सागढीमा विजयोत्सव मनाइने

प्रस, पर्सागढी, १३ पुस/

ब्रिटिश सेनालाई गोर्खाली सेनाले हराएको ऐतिहासिक युद्धस्थल पर्सागढी नगरपालिकामा यही पुस १९ गते पर्सागढी २१०औं विजय महोत्सव मनाइने भएको छ। नेपाली सेना र पर्सागढी नगरपालिकाको सहकार्यमा पर्सागढी मन्दिर व्यवस्थापन समितिले प्रत्येक वर्ष पुस १९ गते मनाउँदै आएको पर्सागढी विजय महोत्सव यस वर्ष पनि धूमधामका साथ मनाउने शनिवार पत्रकार सम्मेलनमा नगरप्रमुख गोकर्ण पाठकले जानकारी गराए। नगरप्रमुख पाठकले नेपाली सेनाको एकीकरण मार्ग कार्यक्रमलाई निरन्तरता दिंदै पर्सागढी २१०औं विजय महोत्सव कार्यक्रम पर्सागढी नगरपालिकाको कार्यालय हरपुरमा पुस १९ गते बिहान १० बजे भेला भई विभिन्न झाँकी एवं नेपाली सेनाको टोली बाजागाजासहित हर्षोल्लासका साथ पदयात्रा गर्दै वडा नं ६ स्थित युद्धस्थल पर्सागढी मन्दिर परिसरमा पुगेर विजय महोत्सव कार्यक्रममा परिणत हुने जानकारी गराए।




पत्रकार सम्मेलनमा पर्सागढी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बृजमोहन चौधरीले विसं १८७१ पुस १९ गते पर्सागढीमा स्थानीय रञ्जीत चौधरीको कुशल युद्ध नीति तथा स्थानीयवासीको सक्रियतामा आधुनिक हतियारले सुसज्जित ब्रिटिश भारतका विशाल सेनालाई पराजित गरेर गोर्खाली सेनाले हासिल गरेको ऐतिहासिक विजयोत्सवको सम्झनामा पर्सागढी विजय महोत्सवको आयोजना प्रत्येक वर्ष हुने गरेको बताए। पर्सागढी नगरपालिकाको आर्थिक सहयोग, नेपाली सेना र स्थानीयवासीको सहभागितामा पर्सागढी मन्दिर व्यवस्थापन समितिले पर्सागढी २१०औं विजय महोत्सव आयोजना गर्न लागेको उनले जानकारी गराए।

पर्सामा पर्सागढी मन्दिर एकमात्र ऐतिहासिक युद्धस्थल रहे पनि ओझेलमा परेको गुनासो गर्दै मन्दिर व्यवस्थापन समितिका अध्यक्ष चौधरीले मन्दिरको दुवैतर्फ रहेका नदी सबैभन्दा ठूलो बाधक रहेको र मन्दिरलगायत आसपासका

(बाँकी अन्तिम पातामा)

## नेवाः देय् दबूको जिल्ला अधिवेशन सम्पन्न

प्रस, निजगढ, १३ पुस/

नेवाः देय् दबू (नेवाः राष्ट्रिय सङ्गठन) को तेस्रो बारा जिल्ला अधिवेशन शनिवार निजगढमा सम्पन्न भएको छ। सो अधिवेशनले पुनः शिवराम श्रेष्ठको अध्यक्षतामा २५ सदस्यीय पदाधिकारीहरू सर्वसम्मत चयन गरेको छ। अधिवेशनले वरिष्ठ उपाध्यक्ष राजकुमार मानन्धर, उपाध्यक्ष राजन श्रेष्ठ, महिला उपाध्यक्ष चन्द्रमाया श्रेष्ठ, सचिव मदनराज कंसाकार, महिला सचिव किरण श्रेष्ठ, कोषाध्यक्ष काश्यप श्रेष्ठलगायत सदस्यहरूलाई सर्वसम्मत चयन गरेको छ।




यसैगरी, नेवाः देय् दबूको दोस्रो निजगढ नगर अधिवेशन पनि आजै सम्पन्न भएको छ। अधिवेशनले अध्यक्ष दीपक श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष किरण श्रेष्ठ, उपाध्यक्ष दिनेश श्रेष्ठ, महिला उपाध्यक्ष भवानी श्रेष्ठ, सचिव प्रकाश श्रेष्ठ, महिला सचिव रेणुका मानन्धर, कोषाध्यक्ष गङ्गा श्रेष्ठलगायत १७ सदस्य चयन गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि एवं मधेस विश्वविद्यालयका उपकुलपति एवं नेवाः देय् दबू मधेस प्रदेशका सल्लाहकार संयोजक प्राडा दीपक शाक्यले नेवारी आदिवासी जनजातिको लिपि, कला, भाषा, संस्कृति, रीतिरिवाज, पहिरन मौलिक रहेकाले नेवार जातिको छुट्टै पहिचान रहेको बताए। उनले नेवारी कला, भाषा, संस्कृति, रीतिरिवाज, लिपि, पहिरनले छुट्टै परिचय बनाएको र यसको विकास र विस्तारबाट नेवारी समुदाय मात्र नभई समग्र समुदायसँगै देश नै समृद्ध हुन सक्ने सम्भावना रहेको बताए।

उनले वीरगंजस्थित घण्टाघर, शङ्कराचार्यद्वार, गहवामाई मन्दिरमा नेवारी समुदायका कालिगडद्वारा कुँदिएका सीप, कला, कौशल रहेको जानकारी गराए। नेवारी समुदाय समृद्ध अनि स्वाभिमानी भएको चर्चा गर्दै उनले जब, कला, भाषा, संस्कृति लोप हुन्छ, तब पहिचान लोप हुने भएकोले आउँदो पुस्तालाई भाषा, कला, लिपि, संस्कृतिको विषयमा ज्ञान, सीप दिन सके मात्रै नेवार जातिको महत्त्व झनै बढ्ने बताए।

कार्यक्रममा नेवाः देय् दबू मधेस प्रदेशका अध्यक्ष तिलक श्रेष्ठले नेवारी समुदायको उत्थानका लागि मौलिक भाषा, कला, साहित्य, संस्कृतिको विकास गर्न सबै एकमत हुनुपर्ने बताए। कार्यक्रममा रामभक्त प्रधान, शिवबहादुर श्रेष्ठ, एकबहादुर श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए।

नेवाः देय् दबू बाराका अध्यक्ष शिवराम श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष राजन श्रेष्ठ र सञ्चालन मदनराज कंसाकारले गरेका थिए।

## छजना महिलासहित सयजनाद्वारा रक्तदान

प्रस, वीरगंज, १३ पुस/

पर्सा र बारामा गरी शनिवार दुई स्थानमा भएको रक्तदान कार्यक्रममा छजना महिलासहित एक सयजनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।




जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगंजमा तमु क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा छजना महिलासहित ६४ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक धीरेन्द्र झाले बताए। कार्यक्रममा कोपिला गुरुङ, अंशु साह, हसना वाईवा, महेश्वर लामा, जीतबहादुर गुरुङ, रेशम रायमाझी, कृष्णबहादुर ठकुरी, नुरबहादुर दास, प्रशान्त प्रधान, रवि मगरलगायतले रक्तदान गरेको प्राविधिक झाले बताए।

यसैगरी, आजै वीरगंज महानगरपालिका–३० मा सम्यक फाउन्डेशनले आयोजना गरेको रक्तदान कार्यक्रममा ३६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक मनीष गुप्ताले बताए।




कार्यक्रममा रहबर अन्सारी, मुकेश यादव, वीरेन्द्र यादव, रामाशङ्कर, लक्ष्मन साह, सुनील कुमार, राधेश्याम गुप्ता, सन्तोष पटेल, सुवास यादव, राजकुमार सहनीलगायतले रक्तदान गरेका थिए।

## विचारसार र सूक्तिहरू

**सफलता तपाईंको कर्मपालन र धर्मपालनको मीठो फल हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# निराशाबाट आशातर्फ बढ्ने राजमार्ग

जीवनमा अगाडि बढ्नका लागि उत्साहको निकै महत्त्व छ, उत्साहभन्दा बढी कुनै बल छैन र एउटा उत्साही व्यक्तिका लागि केही पनि असम्भव छैन। यसका विपरीत निराशा एउटा अभिशाप हो, एउटा महाव्याधि हो, जसले व्यक्तिको सम्पूर्ण मानसिक एवं आध्यात्मिक शक्तिहरूलाई कुन्द पारिदिन्छ। निराशा एक प्रकारले पाप हो, जसको चपेटमा परेको मानिस आफ्नो सारा प्रयास छोडिदिन्छ । आफ्नो चरममा निराशा आत्महत्याजस्तो आत्मघाती पाइलासम्म उठाउन धक मान्दैन। यस रूपमा निराशा एउटा अपराध हो ।

इतिहास साक्षी छ कि जीवनको दिशा परिवर्तन गर्ने, युगलाई नयाँ बाटो देखाउने व्यक्तिहरूको जीवनमा निराशाका थुप्रै अवसरहरू आए, प्रतिकूलताहरूका भीषण प्रहारका बीच उनीहरूले हिंड्नुपर्‍यो, तर उनीहरूले निराशालाई हावी हुन दिएनन् र आशा तथा उत्साहको सम्बल लिएर अगाडि बढिरहे र अन्ततः आफ्नो निर्धारित लक्ष्य सिद्ध गर्न सके ।

जीवनमा निराशा–हताशाका कैयौं कारण हुन सक्छन्, त्यसमा विचार पुर्‍याउँदै, यसबाट पार पाउने मार्गको सन्धान गर्न सकिन्छ। जीवनबाट ठूल्ठूला आशा–अपेक्षा राख्नु, आफ्नो क्षमताको आकलन नै नगरी अति महत्त्वाकाङ्क्षी लक्ष्य ताक्नु र त्यो पूरा नभएपछि निराशाको अँध्यारोमा हराउनु, यो हताशाको एउटा प्रमुख कारण हो ।

यसका साथै अरूसँग तुलना–कटाक्षमा अल्झनु, अनावश्यक प्रतिद्वन्द्वितामा पर्नु पनि निराश हुने प्रमुख कारण हो। यसको परिणाममा जीवनमा असफलताका साथै निराशा–हताशा एवं नकारात्मक भावदशाको जन्म हुन्छ र अगाडि बढ्ने उत्साह एवं आत्मविश्वास समाप्त हुन्छ ।

यसको साटो यदि आफ्नो मौलिकता, वास्तविकतमा ध्यान दिएको भए राम्रो हुन्थ्यो। सन्तोष र उत्साहका साथ लक्ष्य प्राप्तितर्फ अग्रसर भइरहिन्थ्यो ।

यथार्थलाई स्वीकार गर्न नसक्नु यसैसँग जोडिएको तथ्य हो, जसले व्यक्तिलाई निराशाको खाडलमा जाकिदिन्छ । परिस्थिति र समाजका साथ आफ्नो सत्यतालाई स्वीकार नगरी आफ्नो कल्पना र मनोभावहरूको दुनियाँमा विचरण गर्नु पनि निराशालाई निम्ता दिनु हो। सारा दुनियाँलाई आफ्नो इशारामा हिंड्नका लागि विवश देख्नु एउटा विकृत सोच हो, अहंकेन्द्रित भ्रम हो, जसबाट बाहिर निस्कनु व्यक्तिको अभीष्ट हुनुपर्छ । आफ्नो यथार्थलाई स्वीकार गर्नुमा नै भलाई छ ।

आफ्नो अकिञ्चन सत्यलाई स्वीकार गरेर यसलाई तिखार्नमा समझदारी छ, जसको आधारमा मौलिक सफलताको महल ठड्याउन सकिन्छ। कतिपय सफल व्यक्ति जहाँ उभिएका थिए, त्यहींबाट उनीहरूले सानो काम शुरू गरे र उत्तरोत्तर त्यसमा सुधार गर्दै उन्नतिको शिखरसम्म पुगे; किनकि त्यसको शुरूआत यथार्थको कठोर धरातलबाट भएको थियो ।

**बिग्रेको जीवनशैली पनि निराशाको एउटा ठूलो कारण पाइएको छस किनकि यसका साथ एक त स्वास्थ्यसम्बन्धी तमाम विसङ्गतिहरू उत्पन्न हुन्छ र दोस्रो यसबाट जन्मेको तनावले जीवनलाई नराम्रोभन्दा पनि नराम्रो अवस्थातर्फ धकेल्छ ।**

बितेको समयका गलती, हानि, अपमान एवं पीडाहरूको सम्झना गर्नु, त्यसलाई बिर्सन नसक्नुले पनि व्यक्तिलाई निराशाको अन्धकारतिर धकेल्दछ । जीवनका यी अँध्यारो पक्षलाई कसैले नकार्न सक्दैन, तर सोचेर हेर्दा स्पष्ट हुन्छ कि बितेको समय फिर्ता ल्याउन सकिंदैन, अतः त्यसबाट आवश्यक सबक सिक्दै वर्तमानलाई सजाउनु–सिंगार्नुमा समझदारी छ । पुराना गलतीहरूको परिमार्जन अभीष्ट हो। खनेको खाडललाई भरेर नयाँ निर्माणको प्रयास उचित हो।

थोरै विवेकका साथ काम गर्दा भूतकालको पीडा, वेदना र हानिलाई आफ्नो उत्कर्षको सीढी बनाउन सकिन्छ। फेरि दुनियाँमा कसलाई हानि, वेदना, दुःख, अपमान सहनुपरेको छैन । यदि हामी चारैतिर दृष्टि दौडाउँछौं भने के पाउँछौं कि विषमताहरूका अनगिन्ती अग्निपरीक्षाहरू पार गरेर लक्ष्यसम्म पुगेका महापुरूषहरूको जीवनीको अवलोकन गर्दछौं भने आफ्नो दुःख, कष्ट, पीडा एवं सङ्घर्ष त तिनका सामु केही पनि होइनजस्तो लाग्छ । यसले आशा, ढाढस, सान्त्वना दिइरहेको प्रतीत हुन्छ।

शारीरिक रोग, दुर्बलता, अपाङ्गता एवं प्रतिकूलता पनि उत्साह भङ्ग गर्ने स्वाभाविक कारण बन्दछन्, तर यस संसारमा कुनै पनि चीज स्थायी हुँदैन र यहाँ प्रत्येक रोग र समस्याको उपचार छ, समाधान छ ।

यस विश्वासका साथ यदि चरणबद्धरूपमा अगाडि बढ्दै गइयो भने जीवनमा शनैः–शनैः स्वास्थ्य आर्जन हुन्छ, आफ्नो दुर्बलता र अपाङ्गतालाई पनि शक्तिमा रूपान्तरित गर्ने सूत्र–समाधान प्राप्त हुन्छ तथा जीवनमा आशाको सञ्चार हुन्छ,, नयाँ उत्साहका साथ बाँच्ने कारण हात पर्छ र अन्ततः प्रतिकूलताहरू अनुकूलतामा परिणत हुँदै जान्छन् ।

बिग्रेको जीवनशैली पनि निराशाको एउटा ठूलो कारण पाइएको छ; किनकि यसका साथ एक त स्वास्थ्यसम्बन्धी तमाम विसङ्गतिहरू उत्पन्न हुन्छ र दोस्रो यसबाट जन्मेको तनावले जीवनलाई नराम्रोभन्दा पनि नराम्रो अवस्थातर्फ धकेल्छ । आफ्नो खानपान र जीवनचर्यामा अभीष्ट सुधार गरेर आफ्नो स्वास्थ्यमा काम गर्दै जीवनको लयलाई फिर्ता ल्याउन सकिन्छ ।

यस्तोमा सन्तुलित एवं यथासम्भव प्राकृतिक जीवन बाँच्दै यसमा नयाँ आयाम जोड्न सकिन्छ । निराशाको एउटा कारण ईश्वरीय अस्तित्व एवं उसको न्याय–व्यवस्थामा आस्थाको अभाव पनि हो, जसका कारण मात्र अहङ्कारको बलमा जीवनयात्रा गर्नुपर्ने भाव हुन्छ; जबकि मानवीय पुरूषार्थ एवं शक्तिको एउटा सीमा हुन्छ ।

ईश्वरीय अवलम्बन लिएपछि जीवनको भार निकै हदसम्म हलुको हुन्छ, जबकि ईश्वरलाई बिर्सेर आफ्नै सम्बन्धमा बढी सोचिरहनु निराशाको कारण बन्दछ । त्यसपछि पनि जीवन धेरै समय, काल एवं परिस्थितिमाथि निर्भर हुन्छ । अतः सुखी, सफल एवं उत्साहयुक्त जीवनको रहस्य, स्वयंलाई बिर्सेर आफ्नो कर्तव्य कर्ममा निमग्न रहनु नै हो ।

सानासाना सफलताहरू अर्जित गर्दै ठूलो उपलब्धिको हकदार बन्नु श्रेष्ठ हो। समयका साथ सफलता, विभूति एवं सिद्धिहरू प्राप्त हुँदै जान्छन्। जे सोचिएको थियो, त्यसलाई क्रियान्वित गर्ने क्षमता प्राप्त हुन्छ र यस्ता संयोग घटित हुन्छ, जसबाट लाग्न थाल्छ कि निर्धारित लक्ष्यतर्फ ईश्वरीय विधान अघि बढिरहेको छ ।

हो ! यो अवश्य हो कि यस लक्ष्यसम्म पुग्नुभन्दा पहिले व्यक्तिले विषमताको दुष्कर क्षणबाट पनि गुज्रनुपर्छ, तर आशाको सम्बल लिएको व्यक्ति निराशा–हताशाको अन्धकारलाई चिर्दै आफ्नो निर्धारित लक्ष्यसम्म पुग्न जहिले पनि सक्षम भएको छ ।

# संरक्षणमुखी नीति : उत्पादनको उधोगति ?

समयान्तर




ओमप्रकाश खनाल

omkhanal@gmail.com


**सरकार स्वयम् एकाधिकारको संरक्षणकर्ता बनेर उभिएको छ। पेट्रोलियम पदार्थ र विद्युत् आपूर्तिमा सरकारी भूमिका बारम्बार विवादमा आए पनि सरकार सुधारमा आँखा चिम्लेर बसेको छ। यो नालायकीको मार उपभोक्तामाथि परिराखेको छ।**

सरकारले हालै सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका २०८१ पारित गरेसँगै यसको पक्ष र विपक्षमा बहस शुरू भएको छ। यसका पक्षपातीहरू स्वदेशी उत्पादनको संरक्षण हुने भयो भन्ने तर्क गरिराखेका छन् भने खुला बजार अर्थतन्त्र र उपभोक्तावादी भने यो मान्यता उत्पादनमात्र नभएर उपभोक्ता दुवैका लागि दीर्घकालीनरूपमा लाभदायी नभएको बताइराखेका छन् ।

यसो त यस्तो निर्देशिका सरकारले एक दशक अघि २०७१ मैं पारित गरे पनि कार्यान्वयन हुन सकेको थिएन । संरक्षणवादी नीति लिंदा यसबाट उत्पादन, यसको गुणस्तर र उपभोक्ताको अधिकारमा पर्ने असरबारे भने खासै चासो नलिएको भान हुन्छ, यो अर्थतन्त्रको दीर्घस्वास्थ्यका लागि खतराको घण्टी हो। सार्वजनिक खरीद नियमावली २०६४ मा १५ प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तु खरीद गर्न सकिने व्यवस्था छ। तर अनिवार्य नगरिएकोले त्यसको कार्यान्वयन भएको छैन ।

सरकारले स्वदेशी उद्योगको उत्पादनलाई कसरी सस्तो बनाउन सकिन्छ भन्दा पनि महँगै राखेर त्यसलाई किन्नैपर्ने बाध्यता सृजना गर्नु खुला बजार अर्थतन्त्रको नीतिविपरीत हो । यसले उद्योगको प्रतिस्पर्धी क्षमता शिथिल बनाउने कुरामा विवाद छैन। सरकारले बन्द रहेका उद्योगहरू सञ्चालनमा ल्याउने वातावरण बनाउने, जग्गाको प्राप्ति, पारवहन, ऊर्जा, कच्चा तथा तयारी वस्तुको ओसारपसार र आपूर्ति सहज बनाउनेजस्ता कुरामा ध्यान दिएको छैन। पूँजीको लागत कसरी घटाउन सकिन्छ, यसमा कुनै गृहकार्य भएको छैन। महँगो भए पनि किन्नैपर्ने बाध्यताले अर्थतन्त्र नै महँगो पर्न जाने निश्चित छ ।

अहिले सरकारले स्वदेशी उत्पादनको प्रवर्द्धनका लागि ४६ वटा स्वदेशी उत्पादन प्रयोग गराउन निर्देशिका ल्याएको भनिएको छ। नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न नसकेपछि बजारमा बाह्य देशका उत्पादनले स्वाभाविकरूपमा कब्जा जमाएको छ । सरकारले उत्पादनको लागत घटाउने नीति ल्याउनुभन्दा १५ प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तु नै प्रयोग गर्नुपर्ने नियम बनाउन सहज मान्यो, यो अर्थतन्त्रका लागि आत्मघाती काम हो । अर्कोतिर स्वदेशी वस्तुको नाममा बाहिरकै वस्तुको बोलाबाला नहोला भन्न सकिन्न। स्वदेशी उत्पादन भनेर नेपालमा नाम चलेको जुत्ताको एउटा ब्रान्ड चीनमा तयार भएर नेपाली बजारमा भित्रिने गरेको तथ्य आज पनि ताजै छ। व्यापारको यस्तो प्रवृत्तिमा यो सरकारी नीतिको औचित्यमा सन्देह अस्वाभाविक होइन।

स्वदेशी उत्पादन प्रयोग गर्दा उत्पादकले कति मूल्य अभिवृद्धि गरेको छ ? कतिजनालाई रोजगार दिएको छ ? स्वदेशी कच्चा पदार्थ र सीपको प्रयोग भएको छ कि छैनजस्ता पक्षलाई हेर्नु पर्दछ । मूलतः यस्तो सहुलितभन्दा उद्योगहरूले भोगेका समस्याको समाधान, ऊर्जा, ढुवानी, कच्चा पदार्थको आपूर्ति, बजारीकरणका अवरोध समाधानलगायत सरोकारका समस्यालाई समेट्नु बढी लाभदायी हुने देखिन्छ । संरक्षणभन्दा प्रतिस्पर्धाको वातावरण बनाउनु सबल अर्थतन्त्रको बलियो आधार निर्माण गर्नु हो भन्ने तथ्यलाई बेवास्ता गर्नुहुँदैन ।

सरकारले स्वदेशमा आत्मनिर्भरताका लागि त्यस्ता वस्तुको आयातमा कडाइ गर्नेदेखि राजस्व बढाउने, त्यतिले नपुगे अयात नै रोक्नेसम्मका हर्कत गर्दै आएको छ। उत्पादन अभिवृद्धि सबल अर्थतन्त्रको आधार हो । उत्पादनको प्रवर्द्धनलाई अस्वीकार गर्नुपर्ने कारण छैन । तर, सरकारले अँगालेका अहिलेका संरक्षणका उपाय र तिनको औचित्यमाथि पुनरवलोकनको खाँचो छ ।

सरकारले कतिपय यस्ता वस्तुको संरक्षणका निम्ति आयातमा ३० देखि ५० प्रतिशतसम्म भन्सार महसूल तोकिदिएको छ । कच्चा पदार्थमा अपवादबाहेक ५ प्रतिशतभन्दा बढी महसूल छैन । निर्यातजन्य उद्योगले त बैंक ग्यारेन्टीमैं आयातको सहुलियत पाएका छन् । अर्थतन्त्रमा उत्पादनको आकार भने बर्सेनि घटिराखेको छ । उत्पादन क्षेत्रको योगदान ५ प्रतिशतको हाराहारीमा छ। साढे २ दशक अघिसम्म अर्थतन्त्रलाई १० प्रतिशतको भरथेग पुर्‍याउने उत्पादन अहिले निरन्तर खुम्चिनुको पछाडि सरकारको यस्तै अदूरदर्शी नीति नै मुख्य कारक रहेको देखिन्छ।

चिनी उद्योगकै कुरा गरौं, सरकारले ३० प्रतिशत भन्सार महसूल लगायो । भारतका चिनी उद्योगले एक क्विन्टल उखु पेलेर १३ किलो चिनी निकाल्छन्। हाम्रा उद्योगको यो क्षमता ९ किलोमात्र किन ? यसको वस्तुनिष्ठ खोजीनीति भएको छैन। स्वदेशी बजारको माग सवा ३ लाख मेट्रिकटन पुग्दा उत्पादन भने आधा पनि छैन। तर चाडबाडको बेला मूल्य १५० रुपियाँ पुग्छ, त्यो पनि सहज पाइँदैन । त्यही सीमापारिको बजारमा प्रतिकिलो आधा दाममा पाइन्छ । यो नीतिले सीमित उद्योगी र संरक्षणको चाँजोपाचो मिलाउनेहरूलाई त लाभ होला, तर आम उपभोक्ताको भने चरम शोषण भइराखेको स्पष्ट हुँदाहुँदै यसमा पुनरवलोकन किन हुन सकेको छैन ? यो सोचनीय विषय बनेको छ। यो र यस्तै नीतिका कारण नेपालको औद्योगिक क्षेत्र पछाडि परेको हो । यो संरक्षणमुखी नीतिको अराजक नमूनामात्र हो; यस्ता उपक्रमहरू अरू धेरै छन् । सरकारले साँचो अर्थमा यस्तो उद्योगको संरक्षण चाहेकै हो भने भन्सारमा राजस्वको ढाट हाल्नुको सट्टा प्रविधि, पूँजी, बीउबिजन, सिंचाइलगायत सहुलियत दिएर उत्पादकत्व र गुणस्तर बढाउन र लागत घटाउने उपायमा केन्द्रित हुनुपर्ने हो ।

निजी क्षेत्रले पनि भन्सार महसूलको अन्तरबाट नाफा कमाउने मनोवृत्ति त्याग्नुपर्दछ । प्रविधि र सरोकारका प्रतिस्पर्धात्मक उपायका निम्ति सरकारसँग रचनात्मक सहकार्यका निम्ति तत्पर हुनुपर्दछ । संरक्षणको नाममा अघोषित एकाधिकारको अभ्यास र महँगो मालसामान किन्न बाध्य बनाउने नीति स्वस्थ अर्थतन्त्रको आधार बन्न सक्दैन। यसले अर्थतन्त्रका अन्य सरोकारलाई शिथिल बनाउँदै अर्थतन्त्रलाई नै दीर्घरोगी बनाउने कुरामा आशंङ्का आवश्यक छैन।

सरकार स्वयं एकाधिकारको संरक्षणकर्ता बनेर उभिएको छ । पेट्रोलियम पदार्थ र विद्युत् आपूर्तिमा सरकारी भूमिका बारम्बार विवादमा आए पनि सरकार सुधारमा आँखा चिम्लेर बसेको छ । यो नालायकीको मार उपभोक्तामाथि परिराखेको छ । यथार्थमा उत्पादनलाई संरक्षण होइन, प्रवर्द्धनको खाँचो छ। संरक्षणवादले त नाफाखोरहरूलाई मात्र उपभोक्ता लुट्ने अवसर जुराइदिएको छ । स्वदेशी उत्पादनलाई प्रतिस्पर्धी बनाउन त उत्पादनजन्य पूर्वाधारको सापेक्ष प्रत्याभूति हुनुपर्दछ । सरकारले आत्मनिर्भरताको नाममा प्रतिस्पर्धी क्षमतामा तगारो हाल्ने काम गर्दै आएको छ। यो अर्थतन्त्रका लागि घातक नीति हो । तथ्याङ्कले संरक्षणका निम्ति अँगालिएका उपायको सार्थकता प्रमाणित गर्दैन ।

# त्रिभुवन विश्वविद्यालयबाट १४ हजार दीक्षित

काठमाडौं, १३ पुस/रासस

त्रिभुवन विश्वविद्यालयका १४ हजार ३०८ जना विद्यार्थी दीक्षित भएका छन्।

प्रधानमन्त्री एवं त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आयोजित ५०औं दीक्षान्त समारोहमा विद्यावारिधि गर्ने र सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई प्रमाणपत्र प्रदान गरे ।

त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीका अनुसार स्नातक तहका नौ हजार ६८, स्नातकोत्तर तहका पाँच हजार ५५, एमफिलका ६३ र विद्यावारिधि (पिएचडी)का १२२ जना विद्यार्थी दीक्षित भएका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट लिइएका विभिन्न तह एवं विषयका परीक्षामा सर्वप्रथम भएका विद्यार्थीलाई विभिन्न पदकबाट पुरस्कृतसमेत गरिएको छ । यस वर्षको त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ शहीद उपप्राध्यापक हरिराज अधिकारी स्वर्णपदक व्यवस्थापन सङ्कायका हीरा श्रेष्ठलाई र श्री इन्द्रभक्त श्रेष्ठ स्वर्णपदक स्कूल अफ म्यानेजमेन्टका सुधा काफ्लेलाई प्रदान गरिएको छ ।

यसैगरी, अमृत पदक रसायनशास्त्र केन्द्रीय विभागका सुशील पोखरेललाई, मदन विद्या वातावरण विज्ञान पुरस्कार वातावरण विज्ञान केन्द्रीय विभागका रिकिता भण्डारीलाई, नेपाल बैंक



लिमिटेड सरदार गुञ्जमान सिं स्वर्णपदक र रामकृष्ण न्हुच्छे प्रधान पुरस्कार काठमाडौं मोडल कलेजका रेविका भण्डारीलाई प्रदान गरिएको छ ।

नरेन्द्रमणि आचार्य दीक्षित पदक र डा मोहनप्रसाद लाखे स्वर्णपदक रत्नराज्यलक्ष्मी क्याम्पसका सुदीक्षा घिमिरेले पाएकी छन्। शान्ति–नारायण मिश्र पदकबाट पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका सञ्जीवकुमार सिंह, डा दुबसु क्षेत्री स्वर्ण पदकबाट अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागका प्रतीकराज जोशी, इमिरेट्स प्राडा रामप्रसाद चौधरी स्वर्ण पदकबाट वनस्पतिशास्त्र केन्द्रीय विभागका श्रीणा क्षेत्री र नारायण शान्ति मिश्र पदकबाट पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका चेतना कुँवरबाछ पुरस्कृत भएका छन् ।

तारपद चौधरी पदक, खगेन्द्रमान सिं प्रधान पदक र चन्द्रराज ढुङ्गेल स्मृति पुरस्कार श्रीज्या काफ्लेले पाएकी छन्। काफ्ले अर्थशास्त्र केन्द्रीय विभागको छात्रा हुन् । शिल्पा विष्ट प्राज्ञिक उत्कृष्टता पुरस्कार शिक्षाशास्त्र केन्द्रीय विभागका सीताकुमारी श्रेष्ठले प्राप्त गरेकी छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था)
मुख्य कार्यालय, हेटौंडा, मकवानपुर
फोन नं.: ०५७-५२५१००, ०५७-५२३२२९, ०१-५३१८८३८, ०१-५३१२०९९

## धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/०९/१४

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखी, कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तीय संस्थालाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याजलगायतका वित्तीय संस्थाको लेना रकम नबुझाइ कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नुभएको र पटक-पटक मौखिक, लिखित, फोन तथा एसएमएसमार्फत तरताकेता गर्दासमेत कर्जाको साँवा, ब्याजलगायतका रकम चुक्ता भुक्तानी नगर्नुभएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनेबारे सार्वजनिक सूचना प्रकाशित गरिए तापनि कर्जा चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लिखित चल-अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लिखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा गैरबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाहीसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला। उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयभित्र आइपुग्नेगरी निम्न शर्तहरूको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थामा ३६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी, धितोधनी तथा जमानतीकर्तालाई उपस्थित हुनसमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित प्रतिनिधि, सम्बन्धित ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्नेछैन। लिलामी कारबाही प्रक्रिया यस वित्तीय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै सिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरू तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दै दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ। **तपसिल**

| ऋणी तथा धितोको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **१) ऋणीको नामः रीतामाया तामाङ,** ससुराः प्रताप सिं थिङ, पतिः नवराज थिङ, स्थायी ठेगानाः पदमपोखरी गाविस-८, मकवानपुर, हालको ठेगानाः मनहरि गापा-७, मकवानपुर, नाप्रनंः ३१३०२१ ६०२, जारी जिल्ला/मितिः मकवानपुर, २०६३/११/२२, **धितोको विवरणः** रीतामाया तामाङको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको पदमपोखरी गाविस वडा नं ८ किनं २६२५, क्षेफ ०-३-०-० (बिघा)। **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** व्यक्तिगत अधिविकर्ष कर्जा, सहुलियत कर्जा, हेटौंडा, शाखा कार्यालय हेटौंडा, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०७/२७ कारोबार दैनिक | **नामः नवराज थिङ,** बाजेः तिलकबहादुर थिङ, बुबाः प्रताप सिं थिङ, नाप्रनंः ६१/४०२९१, जारी जिल्ला/मितिः मकवानपुर, २०६३/०८/११, स्थायी ठेगानाः राक्सिराङ गाविस-४, मकवानपुर, हालको ठेगानाः मनहरि गापा-७, मकवानपुर |
| **२) ऋणीको नामः इन्दु तामाङ,** बुबाः दिलबहादुर तामाङ, ससुराः जोगबहादुर तामाङ, पतिः सूर्यबहादुर तामाङ, स्थायी ठेगानाः पदमपोखरी-४, मकवानपुर, हालको ठेगानाः हेटौंडा नपा-११, मकवानपुर, नाप्रनंः ५२११, मकवानपुर, जारी मितिः २०६०/०२/२९, **धितोको विवरणः** इन्दु तामाङको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको पदमपोखरी गाविस वडा नं ९ किनं १९३२, क्षेफ ०-६-१४.५-० (बिघा), **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** व्यक्तिगत आवधिक कर्जा, सहुलियतपूर्ण कर्जा, शाखा कार्यालयः हेटौंडा, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०५/२६ प्रतीक दैनिक | **नामः अनिशा मोक्तान,** बाजेः मोतीलाल मोक्तान, बुबाः जीतबहादुर मोक्तान, स्थायी ठेगानाः भार्ता-९, मकवानपुर, हालको ठेगानाः हेटौंडा-११, मकवानपुर, नाप्रनंः ३१-०१-६९-०५५१६, मकवानपुर, जारी मितिः २०६९/०६/१६, **नामः सूर्यबहादुर तामाङ**, बुबाः जोगबहादुर तामाङ, बाजेः हर्कबहादुर तामाङ, स्थायी ठेगानाः पदमपोखरी-९, मकवानपुर, हालको ठेगानाः हेटौंडा-११, मकवानपुर, नाप्रनंः २८/३६९, मकवानपुर, जारी मितिः २०५६/०३/०२ |
| **३) ऋणीको नामः सञ्जीव लामा,** बाजेः जीतबहादुर गोम्बा, बुबाः राजकुमार गोम्बा, आमाः गङ्गा लामा, नाप्रनंः ३११०२२/७३५८९, जारी जिल्ला/मितिः मकवानपुर, २०६७/०४/११, स्थायी ठेगानाः बसामाडी-५, मकवानपुर अस्थायी, ठेगानाः हेटौंडा-३, मकवानपुर, **नामः राजकुमार गोम्बा,** बाजेः रामबहादुर गोम्बा, बुबाः जीतबहादुर गोम्बा, नाप्रनंः ६०३३, जारी जिल्ला/मितिः मकवानपुर, २०३९/०५/०८, स्थायी ठेगानाः नामटार गाविस-३, मकवानपुर, अस्थायी ठेगानाः हेटौंडा-३, मकवानपुर, **धितोको विवरणः** राजकुमार गोम्बाको नाममा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला बसामाडी नगर/गाविस वडा नं ५, किनं १६७०, क्षेफ ०-०-१० (दश धुर) र सो जग्गामा रहेको १३५१.१० वर्गफिटको घर तथा सोले चर्चेको सम्पूर्ण, **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** व्यक्तिगत कर्जा, शाखा कार्यालय हेटौंडा, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०२/२४ कारोबार दैनिक | **नामः गङ्गा लामा,** बुबाः चन्द्रबहादुर लामा, ससुराः जीतबहादुर गोम्बा, पतिः राजकुमार गोम्बा, नाप्रनंः ५०७४, जारी जिल्ला/मितिः मकवानपुर, २०४३/०५/२२, स्थायी ठेगानाः हेटौंडा-१, मकवानपुर, अस्थायी ठेगानाः हेटौंडा-३, मकवानपुर |
| **४) ऋणीको नामः उमेशकुमार कार्की,** बाजेः चन्द्रबहादुर कार्की, बुबाः हेमबहादुर कार्की, स्थायी ठेगानाः सोलुखुम्बु जिल्ला तिङला गाविस-४, अस्थायी ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं मनपा-१, नाप्रनं/जारी जिल्ला/मितिः ९१४-६४६२-८८८, सोलुखुम्बु, २०५३/०१/०६, **धितो विवरणः** Ashok Leyland Dost Strong FSD, Engine no. DMH046824P, Chasis No. MB1AA22E2MRCR2964, **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** हायर पर्चेज कर्जा, पुतलीसडक, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०४/३०, प्रतीक दैनिक | **नामः सङ्गीता केसी कार्की,** ससुराः हेमबहादुर कार्की, पतिः उमेशकुमार कार्की, स्थायी ठेगानाः सोलुखुम्बु जिल्ला तिङला गाविस-४, अस्थायी ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं मनपा-१५, नाप्रनं/जारी जिल्ला/मितिः ११-०१-७२-०२३५७, सोलुखुम्बु, २०७२/१०/११ |
| **५) ऋणीको नामः एमपिपी सप्लायर्स,** प्रोप्राइटरः माधवप्रसाद पौडेल, दर्ता नंः ४४४०५/२०७६/७७, स्थायी लेखा नंः ६१०८८४७३१, ठेगानाः बुटवल उमनपा-५, रूपन्देही, **धितोको विवरणः** माधवप्रसाद पौडेलको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको सुनवल वडा नं ५, सीट नं ५/क, स्थित कित्ता नं ६३, क्षेत्रफल ०-१-९-० (बिघा) र किनं ६४ क्षेफ ०-९-१९-० (बिघा), **व्यक्तिगत जमानी दिनेको विवरण नामः उषा खनाल,** बुबाः रामलाल खनाल, पतिः विष्णुप्रसाद पौडेल, ठेगानाः धारापानी गाविस-८, अर्घाखाँची नाप्रनंः ४०-०१-६९-००८५२, जारी मिति/जिल्लाः २०६९/१२/१६, अर्घाखाँची, **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** व्यावसायिक अधिविकर्ष कर्जा, बुटवल, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०४/२४, दैनिक पत्रिका | **संस्थागत जमानत : एमपिपी सप्लायर्स, व्यक्तिगत जमानीकर्ताको नामः** माधवप्रसाद पौडेल, बुबाः छविलाल पौडेल, बाजेः हुमाकान्त पौडेल, ठेगानाः अर्घाखाँची जिल्ला, मालारानी गापा-९, हालको ठेगानाः रूपन्देही जिल्ला बुटवल उमनपा-**१२,** नाप्रनंः ४०३०१५/४६६, जारी मिति/जिल्लाः २०६३/१०/२३, अर्घाखाँची, **नामः कल्पना घिमिरे,** बुबाः पीताम्बर घिमिरे, पतिः माधवप्रसाद पौडेल, ससुराः छविलाल पौडेल, ठेगानाः खन गाविस-९, अर्घाखाँची, हालको ठेगानाः रूपन्देही जिल्ला, बुटवल उमनपा-१२, नाप्रनंः ४०-०१-७२-०२९७२, जारी मिति/जिल्लाः २०७२/०७/२२, अर्घाखाँची, **नामः विष्णुप्रसाद पौडेल,** बुबाः छविलाल पौडेल, बाजेः हुमाकान्त पौडेल, ठेगानाः अर्घाखाँची जिल्ला गोखुङ्गा-७, हालको ठेगानाः रूपन्देही जिल्ला, बुटवल उमनपा-१२, नाप्रनंः ३३०३, जारी मिति/जिल्लाः २०६२/०४/०७, अर्घाखाँची |
| **६) ऋणीको नामः चम्फाबेली गिरी,** बुबाः गङ्गाबहादुर रानामगर, पतिः चन्द्रलाल गिरी, ससुराः हरिलाल गिरी, नाप्रनंः ४९/३२३८१, जारी जिल्ला/मितिः मकवानपुर, २०६२/११/१६, स्थायी ठेगानाः मकवानपुर जिल्ला गोगने उमनपा/ गाविस-३, हालको ठेगानाः मनहरी-८, मकवानपुर, **धितोको विवरणः** चम्फाबेली गिरीको नाममा जग्गाधनी श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला ज्यामिरे-४, किनं १६१२ क्षेफ ०-१-०-०१, कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः व्यक्तिगत अधिविकर्ष कर्जा, हेटौंडा, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०४/१४, समृद्ध समाज | **नामः किरण गिरी,** बाजेः हरिलाल गिरी, बुबाः चन्द्रलाल गिरी, नाप्रनंः ३१-०१-७४-०३४८०, जारी मिति/जिल्लाः २०७४/०४/०५, मकवानपुर, स्थायी ठेगानाः मकवानपुर जिल्ला मनहरि गापा-८, अस्थायी ठेगानाः मनहरि-८, मकवानपुर, **नामः चन्द्रलाल गिरी,** बाजेः धनराज गिरी, बुबाः हरिलाल गिरी, नाप्रनंः १८/१३५५०, जारी मिति/जिल्लाः २०६१/०१/१४, मकवानपुर, स्थायी ठेगानाः मकवानपुर जिल्ला, गोगने उमनपा/गाविस वडा नं ३, अस्थायी ठेगानाः मनहरि-८, मकवानपुर , **नामः जीवन गिरी,** बाजेः हरिलाल गिरी, बुबाः चन्द्रलाल गिरी, आमाः चम्फाबेली गिरी, नाप्रनंः ३१-०१-७७-०३०१२, जारी जिल्ला/मितिः मकवानपुर, २०७७/०८/१९, स्थायी ठेगानाः मकवानपुर जिल्ला, मनहरि गापा-८, हालको ठेगानाः मनहरि-८, मकवानपुर, |
| **७) ऋणीको नामः गिरी एकीकृत कृषि तथा पशुपक्षी फार्म,** प्रोप्राइटरः किरण गिरी, व्यवसाय दर्ताः ४३९/३२२/२०७७/७८, व्यवसाय दर्ता मितिः २०७७ /१०/२१, स्थायी लेखा नंः ६११४९१४४०, ठेगानाः मनहरी गापा-८, मकवानपुर, **धितोको विवरणः** चन्द्रलाल गिरीको नाममा दर्ता श्रेस्ता कायम भएको मकवानपुर जिल्ला ज्यामिरे नगर/गाविस वडा नं ४ किनं ४७८, क्षेफ ०-३-१५, **व्यक्तिगत जमानी दिनेको विवरणः नामः चम्फाबेली गिरी,** बुबाः गङ्गाबहादुर रानामगर, पतिः चन्द्रलाल गिरी, ससुराः हरिलाल गिरी, नाप्रनंः ४९/३२३८१, जारी जिल्ला/मितिः मकवानपुर, २०६२/११/१६, स्थायी ठेगानाः मकवानपुर जिल्ला गोगने उमनपा/गाविस वडा नं ३, हालको ठेगानाः मनहरी-८, मकवानपुर, **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** कृषि अधिविकर्ष कर्जा, कृषि कर्जा हेटौंडा, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०४/१४ समृद्ध समाज | **नामः किरण गिरी,** बाजेः हरिलाल गिरी, बुबाः चन्द्रलाल गिरी, नाप्रनंः ३१-०१-७४-०३४८०, जारी मिति/जिल्लाः २०७४/०४/०५, मकवानपुर, स्थायी ठेगानाः मकवानपुर जिल्ला, मनहरि गापा-८, अस्थायी ठेगानाः मनहरि-८, मकवानपुर, **नामः चन्द्रलाल गिरी,** बाजेः धनराज गिरी, बुबाः हरिलाल गिरी, नाप्रनंः १८/१३५५०, जारी मिति/जिल्लाः २०६१/०१/१४, मकवानपुर, स्थायी ठेगानाः मकवानपुर जिल्ला गोगने उमनपा/गाविस वडा नं ३, अस्थायी ठेगानाः मनहरि-८, मकवानपुर, **नामः जीवन गिरी,** बाजेः हरिलाल गिरी, बुबाः चन्द्रलाल गिरी, आमाः चम्फाबेली गिरी, नाप्रनंः ३१-०१-७७-०३०१२, जारी जिल्ला/मितिः मकवानपुर, २०७७/०८/१९, स्थायी ठेगानाः मकवानपुर जिल्ला मनहरि गापा-८, हालको ठेगानाः मनहरि-८, मकवानपुर |
| **८) ऋणीको नामः विनोद चौधरी,** बुबाः लक्ष्मण चौधरी, बाजेः सिखा चौधरी, स्थायी ठेगानाः कठार-१ चितवन, हालको ठेगानाः खैरहनी-१०, चितवन, नाप्रनंः ४३१४६, जारी मिति/जिल्लाः २०६५/०८/०१, चितवन, **नामः लक्ष्मण चौधरी,** बुबाः सिखा चौधरी, बाजेः फतरी चौधरी, स्थायी ठेगानाः कठार-१, चितवन, हालको ठेगानाः खैरहनी-१०, चितवन, नाप्रनंः ४०२६, जारी मिति/जिल्लाः २०४३/०९/२३, चितवन, **धितोको विवरणः** लक्ष्मण चौधरीको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेका चितवन जिल्ला कठार वडा नं ४ सीट नं ४ ख किनं ३८०, ५४९ क्रमशः क्षेफ ०-४-१७.५०-०, ०-२-८.५०-०, (बि.क.धु), **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** व्यक्तिगत कर्जा, नारायणगढ शाखा, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०५/१९, प्रतीक दैनिक | **नाम : मीरा चौधरी,** बुबाः हरिनारायण चौधरी, बाजेः कृष्णमुरारी महतो, स्थायी ठेगानाः रत्ननगर-७, चितवन, हालको ठेगानाः खैरहनी-१०, चितवन, नाप्रनंः ०४७२७०, जारी मिति/जिल्लाः २०६६/०६/०१, चितवन, **नामः छन्नु चौधरी**, बुबाः लक्ष्मण चौधरी, बाजेः सिखा चौधरी, स्थायी ठेगानाः कठार-१, चितवन, हालको ठेगानाः खैरहनी-१०, चितवन, नाप्रनंः ६६०४/०६१, जारी मिति/जिल्लाः २०६१/०८/२०, चितवन, **नामः देवी चौधरी,** बुबाः पतिराम महतो, बाजेः बामन महतो, स्थायी ठेगानाः कठार-१, चितवन, हालको ठेगानाः खैरहनी-१०, चितवन, नाप्रनंः ४३७०७, जारी मिति/जिल्लाः २०६५/०८/२९, चितवन, **नाम : हरिमिया थरुनी,** बुबाः बखुवा महतो, पतिः लक्ष्मण चौधरी, ससुराः सिखा चौधरी, स्थायी ठेगानाः कठार-१, चितवन, हालको ठेगानाः खैरहनी-१०, चितवन, नाप्रनंः ४१४, जारी मिति/जिल्ला : २०४६/०२/२७, चितवन |
| **९) ऋणीको नामः नमूना एन्ड नविना एकीकृत कृषि तथा पशुपक्षी**, दर्ता नं/मितिः १८३२०/२०७७/७८, २०७७/०८/१६, पान नं/जारी मितिः ३०५५९०७९४, २०६९/०७/२०, रजिस्टर्ड ठेगानाः पोखरा मनपा-१६, कास्की, संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्ति : नरेश्वर गिरी, **धितोको विवरणः** सृजना गिरीको नाममा रहेको लुकुमस्वारा-१, कास्की जिल्लाको कित्ता नं ५४४९, क्षेफ १-९-०-०, **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** सहुलियतपुर्ण कर्जा, पोखरा, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०६/१५, प्रतीक दैनिक | **नामः नरेश्वर गिरी**, बाजेः बेल गिरी, बुबाः वासुदेव गिरी, नाप्रनंः ४२८४, जारी जिल्ला/मितिः कास्की, २०४९/०८/१७, स्थायी ठेगानाः पुरुन्चौर गाविस-३, कास्की, हालको ठेगानाः पोखरा मनपा-१६, कास्की, **नामः सृजना गिरी,** ससुराः वासुदेव गिरी, पतिः नरेश्वर गिरी, नाप्रनंः ३७५०, जारी जिल्ला/मितिः कास्की, २०४९/०९/२९, स्थायी ठेगानाः पुरुन्चौर गाविस-३, कास्की, हालको ठेगानाः पोखरा मनपा-१६, कास्की, **नामः विश्चल गिरी,** बाजेः वासुदेव गिरी, बुबाः नरेश्वर गिरी, नाप्रनंः ४६-०१-७४-०७५८६, जारी जिल्ला/मितिः कास्की, २०७४/१०/१७, स्थायी ठेगानाः पोखरा लेखनाथ मनपा-१६, कास्की, हालको ठेगानाः पोखरा मनपा-१६, कास्की |
| **१०) ऋणीको नामः गोल्डेन हिल एग्रो फार्म प्रालि,** दर्ता नंः २३१२१२/२०७६/७७, मितिः २०७६/०९/१०, स्थायी लेखा नंः ६०९६८९६३१, रजिस्टर्ड ठेगानाः मकवानपुर जिल्ला, बकैया गापा-११ कुन्चिपोकल, **धितोको विवरणः** शैलेन्द्र पाण्डेको नाममा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला ठिगन गाविस/नपा वडा नं ८ किनं १२९ क्षेफ १७-०-२-१ (रोपनी), ऐऐ किनं ५ क्षेफ २-०-२-३ (रोपनी), ऐऐ किनं १३० क्षेफ १४-०-०-० (रोपनी), **व्यक्तिगत जमानीकर्ताको नामः** एली राई पाण्डे, ससुराः अशोककुमार पाण्डे, पतिः शैलेन्द्र पाण्डे, नाप्रनंः २५-०१-७५-०६२८४, जारी जिल्ला/मितिः भक्तपुर, मिति २०७५/१०/११, स्थायी ठेगानाः नुवाकोट जिल्ला, लिखु गाविस/उमनपा वडा नं. ३, हालको ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा-२,**संस्थागत जमानतः** गोल्डेन हिल एग्रो फार्म प्रालि, अख्तियारप्राप्त व्यक्तिको नामः शैलेन्द्र पाण्डे, **कर्जा शीर्षक, बोलपत्र खोलिने शाखाः** कृषि कर्जा, पुतलीसडक, यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०७/२७, प्रतीक दैनिक | **नामः शैलेन्द्र पाण्डे,** बाजेः कृष्ण विक्रम पाण्डे, बुबाः अशोककुमार पाण्डे, नाप्रनंः ०४-०१-७०-१७४७५, जारी जिल्ला/मितिः भक्तपुर, २०७०/०४/२८, स्थायी ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा-२, हालको ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा-२, **नामः अशोककुमार पाण्डे,** बुबाः कृष्ण विक्रम पाण्डे, नाप्रनंः ९९०१/५१२९, जारी जिल्ला/मितिः झापा, मिति २०३३/०९/१६, स्थायी ठेगानाः झापा जिल्ला, पृथ्वीनगर गाविस/उमनपा वडा नं ९, हालको ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा-२, **नामः चन्द्रकला राउत,** बुबाः नैनबहादुर राउत, ससुराः कृष्ण विक्रम पाण्डे, पतिः अशोककुमार पाण्डे, नाप्रनंः ९९०१५२६४, जारी जिल्ला/मितिः झापा, २०४२/१०/०१, स्थायी ठेगानाः झापा जिल्ला, पृथ्वीनगर गाविस/उमनपा वडा नं ९, हालको ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा-२ |

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरूः**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको माथि उल्लिखित सम्बन्धित शाखा कार्यालयहरूबाट रु. १,०००।०० (रु एक हजार मात्र) तिरी (पछि फिर्ता नहुनेगरी) प्राप्त गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुनेछैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निर्णय अन्तिम हुनेछ। सिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ।
३. गोप्य सिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको सम्बन्धित केन्द्रीय कार्यालय/शाखा कार्यालय समयभित्र प्राप्त भइसक्नुपर्नेछ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयहरू उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट ३६औं दिन र सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. माथि उल्लिखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नुपरेमा लिलाम बोलपत्र पेश गर्नुअगावै सम्बन्धित शाखा कार्यालयको कर्जा असुली विभागमा सम्पर्क राखी निरीक्षण गर्न सकिनेछ।
५. अन्य शर्तहरू लिलाम बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अङ्ग मानिनेछन्।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति :२०८१ माघ १८ गते दिनको ३:०० बजे।**

**लिलाम सिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ माघ १९ गते दिनको ३:०० बजे।**

**बोलपत्र खोलिने स्थान : ऋणीको विवरणमा उल्लेख भए बमोजिम।**

**सम्पर्क फोन नंः ०५७-५२५१००, ०५७-५२३२२९, ०१-५३१८८३८, ०१-५३१२०९९**

# विज्ञापनको विश्वासले निम्त्याउने स्वास्थ्य सङ्कट

'तपाईंको शरीरको तौल ४५ मिनेटमा नै कम हुनेछ, केही हप्ताभित्रमा सुडौल हुने', 'झरिसकेका कपालहरू फेरि पलाउने', 'अनुहारमा भएका चायाहरू हट्ने र फेरि जवान हुने' आदि कामका लागि विभिन्न सञ्चारमाध्यममा अनेकौं विज्ञापनहरू हेर्न, पढ्न र सुन्न सकिन्छ। कतिपयले ती विज्ञापनमा विश्वास गरी त्यस्ता सामग्री किनेर प्रयोग गर्दा आर्थिक हिसाबले नराम्ररी ठगिनु मात्र परेको छैन, त्यसले स्वास्थ्यमा गम्भीर जटिलता पनि ल्याएको छ ।

असम्भव कुरामा विश्वास गर्नुहुँदैन भन्ने थाहा पाउँदापाउँदै पनि विज्ञापनको जालोमा धेरै मानिस फसिरहेका छन् । विशेषगरी मानिसमा रहेका केही कमजोर पक्षहरूलाई समात्न विज्ञापन गर्ने संस्था र गर्न लगाउने कम्पनीले अनेक आकर्षक कुराहरू गरेर झुक्याउन सफल हुन्छन् । त्यही कमजोर पक्षलाई पकडेर गरिने विज्ञापनमा माछा जालमा फसेझैं हामी फसिरहेका हुन्छौं ।

उदाहरणका लागि 'मोटो मानिसका लागि खानेकुरा कम नगरे पनि हुने, व्यायाम गर्न नपर्ने, नथाकिने, खाली एक क्याप्सुल औषधि बिहान र बेलुका खाए पुग्ने' जस्ता विज्ञापनले त मुटुमा यसरी छुन्छ कि मोटा व्यक्तिहरू त्यस्तो औषधि जताबाट पाउन पनि लालायित हुन्छन् । त्यस्तै प्रकारले 'कम्मरपेटी बाँधेर केही छिन बसेपछि पसिना निस्कन्छ अनि कम्मर त एक इन्च घटिहाल्छ' भन्ने जस्ता लोभलाग्दो कुरा विज्ञापनमा भनेपछि कम्मर घटाउन चाहने मानिस दौडेर त्यो पेटी किन्न तयार हुन्छ । त्यसरी नै 'छाला गोरो पार्न जिन्दगी सफल पार्न' भन्दै थरीथरीका क्रिमहरूको विज्ञापन गरिन्छ, त्यसले बिरामीलाई फाइदा नपुगे पनि सम्बन्धित कम्पनीलाई राम्रै आम्दानी हुन्छ ।

यति हुँदाहुँदै पनि हामीहरूमध्ये धेरैले विज्ञापनमा भनिएका कुराहरू कति सत्य हुन् भन्ने कुरामा कहिल्यै सोचेका हुँदैनौं। मोटोपन घटाउन वा औषधि वा कम्मर घटाउन बेल्टले कति सहायता दिन्छ होला त ? शरीरभित्र रहेको बोसो एकैचोटि पगाल्ने कुनै औषधि हुँदैन । यदि त्यस्तो हुँदो त अमेरिकामा २५ प्रतिशत जनसङ्ख्याले त्यो औषधि प्रयोग गर्थे होलान्। कम्मरपेटी बाँधेर पसिना निस्कँदा कम्मरको नाम ३४ इन्चबाट ३३ इन्च हुँदो हो त, त्यस्तो खालको कम्मरपेटीको उत्पादन गर्ने कम्पनी हजारौंको सङ्ख्यामा हुने थिए होलान् । किनभने एक दिनमा एक इन्च घट्ने कम्मर १० दिनमा १० इन्च घट्दैन थियो होला त ? शरीरको कम्मरको नाप १० दिनमा १० इन्च घट्न शरीरको तौल कति कम हुनुपर्छ होला ? १० दिनमा के आश्चर्यजनकरूपले 'केही नगरीकन' तौल कम होला र ? तैपनि किन मानिसहरूले विश्वास गर्छन् र प्रयोग गर्छन् ।

विज्ञापनमा भनेका कुरा एक/दुई दिन वा एकै दिनमा १०औं चोटि सुनेपछि जो कोहीलाई पनि 'हो कि, हो कि' जस्तो लाग्न थाल्छ । त्यसमाथि पनि साँच्चीकै कुनै मानिसले त्यसमाथि पनि सुडौल खालकी महिलाले आएर 'आफू पहिला मोटी भएको, तर औषधि खाएर वा कम्मरपेटी लगाएर पातलो भएर जीवन नै अर्को भएको कुरा' भनेपछि विश्वास नगर्ने पनि कसरी ?' भन्ने भावना आउँछ। हो यही भावनालाई पकडेका छन्, विज्ञापन निर्माता कम्पनीहरूले । यदि साँच्ची नै यसरी औषधि र पेटीको कारणले पातलोपन आउँदो हो त चिकित्सकहरू त्यसमाथि पनि मुटुरोग विशेषज्ञहरूले बिरामीलाई यिनै औषधि वा पेटी किन्न लगाउँथे। चिनीरोगी मोटो व्यक्ति, मुटुरोग भएर तौल घटाउनु भन्ने रोगीलाई खानेकुरा कम गर्ने, व्यायाम गर्ने आदिको ठाउँमा यस्ता विज्ञापनको बढी काम लाग्थ्यो होला ।

विचार



डा अरुणा उप्रेती

> **विज्ञापनकै प्रभावमा परेर हामीलाई आवश्यक नपरेका कुराहरू पनि किन्ने प्रवृत्ति छ । सही ढङ्गबाट विज्ञापन गर्ने नियम कार्यान्वयन तथा उपभोक्ताहरूमा स्वास्थ्यप्रतिको जनचेतनाको विकास नभएसम्म धेरै मानिसले आर्थिक नोक्सानीको साथै अनेक स्वास्थ्य समस्या भोग्नुपर्ने अवस्था रहिरहनेछ ।**

उमेर बढ्दै जाँदा जीवनशैलीका कारणले (विशेषगरी बौद्धिक काम गर्ने) व्यक्तिहरूलाई त यही पेटी र औषधि प्रयोग गर्नु भन्नेबारेमा विशेषज्ञले बोल्थे होलान्। मोटो मानिसलाई खानेकुरा कम खाएर र व्यायाम गरेर महीनौं लाग्ने काम त औषधिको एउटा चक्कीले हुने भए किन शारीरिक र मानसिक दुःख गरिरहनुपर्थ्यो र ? यदि साँच्चै यस्तो हुँदो त बिहानै उठेर 'मर्निङ वाक' वा जीम गर्नेहरूले बिहानको मीठो निद्रा छोडेर गर्मी, जाडो, पानी नभनी किन दुःख गर्थे होलान् ? आधुनिक समाजमा मानिसहरूलाई विश्लेषण गर्ने समय छैन, विज्ञापनमा भनेको कुरा सुन्दासुन्दा हो जस्तो लाग्छ र फेरि त्यस्ता गलत विज्ञापनहरूको विरुद्धमा कसैले नबोल्ने र नलाग्ने हुनाले मानिसहरूलाई त हो न हो यो कुरा साँच्चीकै जस्तो लाग्छ ?

मुटुरोग विशेषज्ञ डा प्रकाश रेग्मीको विचारमा यसरी औषधि प्रयोगबाट तौल घटाउँदा शरीरमा धेरै हानि गर्छ। यस्ता औषधिहरूले केही समयको लागि घटाए जस्तो हुन्छ तर वास्तवमा शरीरको पानी गएर तौल घटेको अनुभव हुन्छ। पसिना शरीरबाट गएर, पेटी बाँधेर दुब्लो भइन्छ भन्ने त वाहियात विज्ञापन हो ।

विज्ञापनको अर्को पक्ष देखिन्छ, विभिन्न थरीका सौन्दर्य सामग्रीमा। उमेर बढ्दै जाँदा हुँदै जाने शारीरिक भित्री र बाहिरी परिवर्तनहरू रोक्छन्, वा प्रकृतिबाट लिएर आफ्नो छालाको रङ फेर्न सकिने भन्ने गरी जसरी विज्ञापन दिइन्छ, त्यसले एउटा त गलत ज्ञान वा कुराहरू भनिरहेको हुन्छ, अर्को मानवीय दृष्टिकोणले पनि कुनै खास वर्णका मानिसहरूले सोही कारणले जीवनमा सफलता प्राप्त गर्न सक्दैनन् भन्ने जस्ता विचार पनि दिइरहेका हुन्छन् ।

शरीरको छालाको रङ हामीहरूले जन्मेदेखि लिएर आएका हुन्छौं। यसलाई बाहिरी वस्तुहरू लेपन गरेर रङ परिवर्तन गर्न सकिंदैन । कुनै रोग लाग्यो भने जस्तो छालाको 'ल्यूकोडर्मा' (जसमा छालाको रङ दिने वस्तु मेलानिन कम हुँदै जान्छ) भएमा छालाको रङ बदलिन्छ। तर छालाको रङ कालोबाट गोरो हुने वस्तु चाहिं हुँदैन। तर 'गोरो' हुनुपर्ने र गोरो भएपछि केटा र केटीले एकअर्कालाई मन पराउँछन् भन्ने जस्ता विज्ञापन दिएर सौन्दर्य सामग्री बनाउने कम्पनीले मालामाल हुने कारण पनि हाम्रो विश्वास हो ।

विज्ञापनबाट प्रेरित भएर हामी शरीरको छालालाई सफा राखेर, व्यायाम गरेर, पोषणयुक्त खाना खाएर स्वस्थ राख्नुको सट्टामा सौन्दर्य सामग्री किनेर, लेप लगाएर राम्रो (गोरी) देखिन चाहन्छौं। तर यस्ता सौन्दर्य सामग्रीहरूको प्रयोग कति ठीक हो, विज्ञापनमा भनिएका कुरा कति सत्य हो, लामो समयसम्म यसको प्रयोग गरेपछि के हुन्छ भन्नेबारेमा हामी कहिले सोच्दैनौं। छालारोग विशेषज्ञ डा विमला ओझा भन्छिन्, "यस्ता विज्ञापनहरू वैज्ञानिक दृष्टिकोणले पनि ठीक छैनन् । मानिसको शरीर स्वस्थ रह्यो भने अनुहारको चमक आफैं आउनेछ । यस्ता विज्ञापनहरूले गलत सन्देश दिन्छन् ।"

त्यसरी नै विज्ञापन दिएर हाम्रो अर्थव्यवस्थालाई कमजोर बनाउँदैछ, खानेकुराको विज्ञापनले । विशेषगरी बच्चाहरूको खानेकुराको विज्ञापन विभिन्न रेडियो, टिभी, पत्रपत्रिकामा आउने यस्ता विज्ञापनहरूले गलत सूचना त दिइरहेका नै हुन्छन् । विश्व स्वास्थ्य सङ्गठनले हानिकारक, प्रयोग गर्न नहुने, यस्तो किसिमको सूचना दिन नहुने जस्ता बनाएका नियमहरूलाई पनि बेवास्ता गरिरहेका छन् ।

फलफूलको रस बट्टामा बन्द गरी केही बाहिरी वस्तु नमिसाइएको, स्वस्थ भनेर प्रचार गरिन्छ र फलफूलको सट्टामा राखिएको रस हामी साँच्ची नै फलफूलको रस भनेर ल्याउँछौं । तर विचार गर्नुस् त ? के कुनै पनि बाहिरी वस्तु नमिसाइ फलफूलको रस ताजा रहिरहन सक्छ ? अर्को कुरा फलफूलको रस बनाएर राख्दा त फलफूलमा भएका कतिपय पोषणतत्त्व नष्ट हुन्छन् भने अर्कोतिर कहिले बनाएर राखेको र बासी फलफूलको रस चाहिं सधैं ताजा रहन्छ भन्ने विज्ञापनमा सन्देश दिइन्छ र हामी विश्वास पनि गर्छौं । बिहान पकाएको बेलुका नखाने हामीहरू महीनौंदेखि बट्टामा राखिएको बासी फलफूलको रस ताजाझैं स्वाद मानेर खान्छौं र स्वस्थ भयौं भन्ठान्छौं। आर्थिक र स्वास्थ्य दुवै दृष्टिकोणले यसरी बट्टामा राखिएका वस्तुहरूबाट हामीले के फाइदा पाउन सक्छौं त ?

विज्ञापनमा सुनिन्छ– 'बढ्ने उमेरका बच्चाहरूका लागि घरको खाना मात्र पर्याप्त छैन। बढ्ने उमेरका बच्चाहरूलाई चाहिन्छ प्रोटिन र अनेक किसिमका लवणहरू जुन यही फलफूलजन्य बट्टामा राखिएका वस्तुमा पाइन्छ । यो वस्तु किन्नुभयो भने तपाईंले सित्तैमा चम्चा, बाल्टिन, झोला आदि पनि पाउनुहुन्छ ।' अनि सित्तैमा पाइने वस्तुको लोभ र घरको खानाले बच्चालाई पोषण नपुग्ने भन्ने विश्वासमा परेर धेरैले त्यस्ता खानेकुरा किनेर ल्याउने गर्छन् । मानिसहरूले यसमा विचार पुऱ्याएको देखिन्न कि त्यस्ता बट्टाहरूमा राखिएका भोजनहरू केबाट बनाइन्छन् ? प्रायः अङ्ग्रेजीमा साना अक्षरमा यी वस्तुहरू केबाट बनेका हुन्छन् भनी लेखिएको हुन्छ। प्रयोग गरिएका वस्तु– कोदो, चामल, गहुँ, जौ, दूध, चिनी आदि र त्यसमा यो पनि लेखिएको हुन्छ– अझ बढी क्याल्सियम मिसाइएको हुन्छ । यीमध्ये सबै वस्तु घरमा पाइन्छन् तर १० गुणा बढी मूल्य तिरेर किन्ने गरिन्छ । बाहिरका बट्टाका खानेकुरा स्वास्थ्यकर छैनन् ।

यस्तै साना शिशुहरूलाई खुवाइने पोषणका बारेमा त विश्व स्वास्थ्य सङ्गठन र युनिसेफजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले बनाएका नियमहरूलाई एकातिर फालेर शिशुका पोषण र दूधको लागि विज्ञापन गरिन्छ । बच्चाका लागि दूध बनाउने कम्पनीहरूले पहिले त आमाको दूधभन्दा बट्टाको दूध शिशुलाई फाइदाजनक हुन्छ भनेर विज्ञापन गर्थे । पछि स्वास्थ्यकर्मीहरूले त्यसको विरुद्धमा आवाज उठाएपछि विश्व स्वास्थ्य सङ्गठनले यससम्बन्धी नियम बनाएपछि यस्ता सन्देशहरू दिन चाहिं छोडेका छन् तर अन्य तरीकाले विज्ञापन र गलत सन्देश दिने काम त अझै जारी छ । घरमा रहेको जाउलो, रोटी, आलु छोडेर विज्ञापनबाट प्रेरित भएर त्यसमा बढी पैसा तिर्ने गरिन्छ । यसरी विज्ञापनको प्रभावमा परेर धेरैजना हरेक पल ठगिएका हुन्छन् । विज्ञापनकै प्रभावमा परेर हामीलाई आवश्यक नपरेका कुराहरू पनि किन्ने प्रवृत्ति छ । सही ढङ्गबाट विज्ञापन गर्ने नियम कार्यान्वयन तथा उपभोक्ताहरूमा स्वास्थ्यप्रतिको जनचेतनाको विकास नभएसम्म धेरै मानिसले आर्थिक नोक्सानीको साथै अनेक स्वास्थ्य समस्या भोग्नुपर्ने अवस्था रहिरहनेछ । (लेखक जनस्वास्थ्य तथा पोषणविद् हुन् । रासस)




**महिला शौचालयको हबिगत:** कृषि ज्ञान केन्द्र, पर्साको महिला शौचालयमा ढोका नै छैन भने शौचालयमा पनि उचित सरसफाइ नभएको सेवाग्राही बताउँछन् । तस्वीरः नरेश यादव/प्रतीक

## फरक समाचार

# महिलाहरू खाना खाएपछि रोमान्टिक हुन्छन्

कुनै राम्रो रेस्टुरेन्टमा गएर आफ्नो मन पर्ने खानाको आनन्द लिन सबैजना मन पराउँछन् । पेटभरि खाना खाएपछि ऊर्जाले भरिएका मानिसले महसूस



गर्छन् । धेरै अनुसन्धानले खाना खाएपछि मानिसको निर्णय लिने क्षमतामा सुधार हुने देखाएको छ तर एउटा अध्ययनले महिलाको बारेमा चकित पार्ने कुरा खुलासा गरेको छ । महिलाहरू खाना खाएपछि रोमान्टिक मोडमा आउने र आफ्नो पार्टनरसँग खुलेर प्रेम व्यक्त गर्ने बताइएको छ। वास्तवमा यो खानाको प्रभाव हो, जसले महिलाहरूलाई रोमान्टिक बनाउँछ ।

अमेरिकाको ड्रेक्सेल विश्वविद्यालयले गरेको यस अनुसन्धान अनुसार खाना खाने समयमा मस्तिष्कको गतिविधि रोमान्टिक चीजहरूमा बढी सक्रिय हुन्छ । महिलाको हकमा यस्तो देखिएको छ कि खाना खाएपछि उनीहरूले आफ्नो पार्टनरको रोमान्सलाई राम्रोसँग ग्रहण गर्छन् र उनीहरूको मस्तिष्कको सक्रियता बढ्छ। यस अध्ययनमा अन्वेषकहरूले खाना खाएपछि महिलाहरूको मस्तिष्कको गतिविधिको विश्लेषण गरे र यसका लागि उनीहरूले कार्यात्मक एमआरआई स्क्यानको मदत लिए। यस अध्ययनमा शोधकर्ताहरूले पत्ता लगाउने प्रयास गरे कि मस्तिष्कले खाना र रोमान्टिक उत्तेजनाहरूमा कस्तो प्रतिक्रिया दिन्छ ।

अध्ययनले यो पनि देखाएको छ कि जब महिलाहरूले खाना खान्छन्, त्यहाँ रोमान्टिक उत्तेजनाहरू प्रशोधन गर्न उनीहरूको मस्तिष्कमा बढी क्षेत्र सक्रिय हुन्छन्। यसले सङ्केत गर्छ कि शारीरिक सन्तुष्टिपछि भावनात्मक र रोमान्टिक प्रक्रियामा सुधार हुन सक्छ । अनुसन्धानकर्ताहरूका अनुसार जब शरीरको आधारभूत आवश्यकताहरू पूरा हुन्छन्, यसले भावनात्मक वा रोमान्टिक सङ्केतहरूलाई खुला हृदयले स्वीकार गर्ने अवसर दिन्छ। यस्तो अवस्थामा यदि तपाईं आफ्नो पार्टनरलाई अझ रोमान्टिक बनाउन चाहनुहुन्छ भने, किनमेल गर्नुको सट्टा उसलाई मन पर्ने रेस्टुरेन्टमा लैजानुहोस्। यसबाट उसले तपाईंको मायालाई राम्रोसँग बुझ्नेछ ।

जब हामीलाई भोक लाग्छ, मस्तिष्कले सबैभन्दा पहिले शारीरिक आवश्यकताहरू पूरा गर्ने प्रयास गर्छ, तर खाना खाएपछि, हाम्रो मस्तिष्कको अवस्था परिवर्तन हुन सक्छ, जसले रोमान्टिक सङ्केतहरूप्रति संवेदनशीलता बढाउन सक्छ। यो अध्ययनले मानिसहरूलाई सम्बन्ध बुझ्नको लागि नयाँ तरीका देखाएको छ। आफ्नो भावनात्मक प्रतिक्रियाहरूलाई राम्रोसँग बुझ्न र नियन्त्रण गर्ने प्रयास गर्न यो अध्ययन महिलाहरूका लागि पनि लाभदायक हुन सक्छ । यसबाहेक प्रेम जीवनमा समस्या भोगिरहेका पुरुषहरूले पनि यस अध्ययनबाट धेरै कुरा सिक्न सक्छन् ।

# महिलाहरूमा रक्तअल्पताको प्रमुख कारण

शरीरमा रगतको कमी हुने रोगको सिकार महिला तथा केटीहरू प्रायः हुने गर्छन् । यद्यपि यसका धेरै कारण हुन सक्छन् तर महीनावारी हुनेहरूलाई धेरैपटक अत्यधिक रक्तस्रावका कारण यस्तो समस्या हुने गर्छ । मेडिकल




भाषामा यसलाई एनिमिया भनिन्छ । आज यसबारेमा विस्तारमा कुरा गरौं, यसका लक्षण र उपायहरू के के छन् ।

फलाम, भिटामिन बी, १२ र फोलेटको कमीले गर्दा एनिमिया विशेषगरी महिलाहरूमा हुने गर्छ। यसका मुख्य कारणहरू महीनावारीमा अत्यधिक रक्तस्राव, गर्भावस्था र खराब पोषण हुन् । धेरैपटक महिलाले अत्यधिक रक्तस्रावको उपचार नपाएपछि पनि यस्तो हुने गर्छ। शरीरमा उत्पादन हुने रगत महीनावारीको समयमा निस्कन्छ र समस्या यथावत् रहन्छ । यसबाहेक कयौंपटक समस्या समाधानका लागि पर्याप्त पहल पनि हुँदैन

**लक्षण:** उभिंदा चक्कर लाग्ने, कमजोरी र थकान, कपाल झर्नु, खुट्टा दुख्नु, छाला पहेंलो हुनु, सास फेर्न समस्या, सानो काम गरेपछि थकान महसूस हुनु, भोक नलाग्नु ।

गृहविज्ञानकी प्राध्यापिका नेहा मौर्य भन्छिन्, "महिलाहरूले आफ्नो आहारमा परिवर्तन गर्नुपर्छ र आइरनयुक्त खानेकुरा खानुपर्छ। आहारमा हरियो तरकारी (पालक, मेथी), मौसमी फलफूल, फलामको भाँडोमा पकाएको खाना, दाल र गेडागुडी, पनीर र छेना, चुकन्दर र गाजरका साथै दिनभरिमा छ/सात गिलास पानी पिउनुपर्छ ।

भारतको महर्षि विश्वामित्र मेडिकल कलेज गाजीपुरका बालरोग विशेषज्ञ डा सञ्जय यादवका अनुसार आइरन चक्की चिकित्सकसँग सल्लाह गरेपछि मात्रै खानुपर्छ। आइरनको कमी भएपछि खाना बढी खाएर पनि रगत बढ्दैन । यस्तो अवस्थामा चिकित्सकको सल्लाह अनुसार औषधि सेवन गर्नुपर्छ ।

एनिमियाबाट बच्न सन्तुलित आहार खाने, नियमित स्वास्थ्य जाँच गराउने, मानसिक र शारीरिक तनावबाट बच्ने र खानपानमा विशेष ध्यान दिनुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# भारतीय पूर्वप्रधानमन्त्री सिंहको राजकीय सम्मानसहित निगमबोध घाटमा अन्त्येष्टि

नयाँ दिल्ली, १३ पुस/एएफपी

पूर्वप्रधानमन्त्री मनमोहन सिंहको शनिवार दिल्लीको कश्मीरी गेटस्थित निगमबोध घाटमा राजकीय सम्मानका थिए ।

शिख रीतिरिवाज अनुसार सिंहको अन्त्येष्टि गरिएको थियो ।

काङ्ग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गे, निवासबाहिर पनि श्रद्धाञ्जलि अर्पण गर्न कैयौं मानिस भेला भएका थिए ।

यस अघि शुक्रवार मन्त्रिपरिषद्को बैठकपछि गृहमन्त्री अमित शाहले काङ्ग्रेस



साथ अन्त्येष्टि गरिएको छ । उनको अन्त्येष्टि परिवार, साथीभाइ, सहकर्मी र सरकारी विशिष्ट व्यक्तिको उपस्थितिमा भएको थियो ।

उनीप्रति सम्मान व्यक्त गर्न सागर पुगेका राष्ट्रपति द्रौपदी मुर्मू, प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहले उनको पार्थिव शरीरमा माल्यार्पण गरी श्रद्धाञ्जलि अर्पण गरेका सोनिया गाँधी, राहुल गाँधीले पनि आफ्ना पूर्वनेता एवं पूर्वप्रधानमन्त्रीप्रति श्रद्धाञ्जलिसभा तथा अन्तिम संस्कारको कार्यक्रममा सहभागी भएका थिए ।

पूर्वप्रधानमन्त्री सिंहको पार्थिव शरीरलाई शनिवार बिहान उनको निवासबाट श्रद्धाञ्जलिका लागि दिल्लीस्थित अल इन्डिया कङ्ग्रेस कमिटी (एआइसिसी)को मुख्यालयमा ल्याइएको थियो । दिल्लीस्थित पूर्वप्रधानमन्त्रीको अध्यक्ष खड्गे र स्वर्गीय सिंहको परिवारलाई सरकारले स्मारकका लागि ठाउँ छुट्याउने जानकारी गराएका थिए ।

उनी लामो समयसम्म भारतीय राजनीतिमा सक्रिय थिए । विशेषगरी आर्थिक सङ्कटको समयमा स्थिर नेतृत्व र भारतको अर्थव्यवस्थाको आधुनिकीकरणमा उनको योगदानको लागि उनलाई सम्झना गरिन्छ । रासस

# निलम्बित राष्ट्रपति युनको पक्ष र विपक्षमा विरोध प्रदर्शन

सियोल, १३ पुस/एएफपी

दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योलमाथि महाभियोग लगाइएको दुई सातापछि उनका समर्थक र विरोधीले शनिवार विरोध प्रदर्शन गरेका छन् । गत डिसेम्बरको शुरूमा सैनिक शासन लागू गर्न खोजेपछि युनको पक्ष र विपक्षमा व्यापक प्रदर्शन भएको छ र यसले देशलाई दशकौंयताकै सबैभन्दा खराब राजनीतिक सङ्कटमा धकेलेको छ ।

युनको महाभियोग प्रक्रिया पूरा गर्न र उनलाई न्यायको कठघरामा ल्याउन माग गर्न अस्वीकार गरेपछि सांसदहरूले शुक्रवार युनको स्थानमा कार्यवाहक राष्ट्रपति बनेका हान डक-सोमाथि महाभियोग लगाएका थिए ।

युन र हानको भाग्यको फैसला संवैधानिक अदालतले गर्ने हो तर दुवै खेमाका प्रदर्शनकारीले यसबीचमा दबाब जारी राख्ने प्रतिबद्धता जनाएका छन् ।

"राष्ट्रपति युनको रक्षाका लागि करीब २० लाख मानिस एकजुट हुनेछन्," सियोलमा आयोजित ऱ्याली आयोजकमध्येका एक युनका समर्थक री काङ सानले बताए ।

उनले भने, "महाभियोगविरुद्ध जनताको आवाजलाई अझ सशक्त बनाउने हाम्रो प्रयासलाई ऱ्यालीले निरन्तरता दिएको छ ।" युनविरोधी ऱ्यालीका आयोजकले उनीविरुद्धको महाभियोगलाई समर्थन गर्नेहरूको आक्रोश झनै चर्कोरूपमा जलिरहेको बताए ।

ऱ्यालीका सहभागीले 'अब युनलाई तत्काल बर्खास्त गर्न र सजायको माग गरिरहेको' बताएका छन् ।

विपक्षी र हानबीच उनले संवैधानिक अदालतमा रिक्त रहेका तीन थप न्यायाधीश नियुक्त गर्न अस्वीकार गरेपछि द्वन्द्व बढेको र पछि यसैको सिलसिलामा उनले केही सैन्य कानून कार्यान्वयन गर्ने घोषणा गरेपछि विपक्षी निलम्बित राष्ट्रपति र उनका मन्त्रीहरूप्रति आक्रोशित बनेका छन् ।

युनलाई महाभियोग लगाउने संसद्को निर्णयलाई कायम राख्ने वा नराख्ने भन्ने विषयमा अहिलेका छजना न्यायाधीशले निर्णय गर्न सक्ने भएपनि असहमति जनाउने मतले उनलाई पुनर्बहाली गर्नेछ ।

विपक्षीहरूले हानले नौ सदस्यीय बेन्च भर्नका लागि थप तीनजना मनोनीत व्यक्तिलाई अनुमोदन गरोस् भन्ने चाहन्थे, जुन उनले अस्वीकार गरेका थिए । यसले गर्दा दुवै पक्ष गतिरोधमा परेका थिए । दोस्रो महाभियोगले अर्थमन्त्री चोई साङ मोकलाई कार्यवाहक राष्ट्रपति र प्रधानमन्त्रीको भूमिकामा नियुक्त गरेको छ । यसले देशलाई अनिश्चितताको शिकार बनाएको छ ।

इन्चोन नेशनल युनिभर्सिटीका प्राध्यापक ली जुन हानले भने, "हामीले यस अघि पनि कार्यवाहक राष्ट्रपति बनाएका थियौं तर हामीले विकल्पको विकल्प खोज्दै एकपछि अर्को महाभियोग प्रस्तावमाथि छलफल र मतदान गरेको यो पहिलोपटक हो ।"

चोईले महाभियोगपछि जारी गरेको वक्तव्यमा भनिएको छ, "यस घडीमा सरकारी उथलपुथल कम गर्नु सबैभन्दा महत्त्वपूर्ण छ, सरकारले पनि आफ्नो सम्पूर्ण प्रयासलाई उथलपुथलको यस कालखण्डबाट पार पाउनका लागि समर्पित गर्नेछ ।"

हानजस्तै चोईले पनि नयाँ न्यायाधीशको नियुक्ति स्वीकार गर्न विपक्षीको दबाबको सामना गर्नुपर्नेछ ।

यदि उनले अस्वीकार गरेमा उनले पनि महाभियोगको सामना गर्नुपर्ने अवस्था आउन सक्छ । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# सिचुवानको जहाज र उराठिलो माछापुच्छ्रे

राम थापा
गण्डकी, १३ पुस/रासस

माछापुच्छ्रे हिमालको पृष्ठभूमिमा उडिरहेको सिचुवान एयरलाइन्सको जहाजको तस्बिर कैद गर्ने पोखराकी फोटो



पत्रकार राधिका कँडेलको उक्त तस्बिरलाई लिएर धेरैको प्रशंसा बटुलेकी छन् । राससका लागि उनले खिचेको उक्त तस्बिरलाई बिबिसीदेखि विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले प्रयोग गरेका छन् । कैयन सामाजिक सञ्जाल प्रयोगकर्ताले जहाजको तस्बिर साझा गरेका छन् ।

प्रवर्द्धनात्मक उडानका क्रममा पोखराका पत्रकार र व्यवसायीलाई लिएर बिहीवार दिउँसो काठमाडौंतर्फ गइरहेका बेला फोटो पत्रकार कँडेलले उक्त जहाजको तस्बिर खिचेकी थिइन् । त्यस अघि चार्टर उडानमार्फत पोखरामा आयोजित दोस्रो अन्तर्राष्ट्रिय 'ड्रागन बोट रेस'मा सहभागी हुने चिनियाँ खेलाडीलाई लिएर उक्त जहाज पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेको उक्त जहाज माछापुच्छ्रे हिमालको नजीकबाट उडिरहेको दृश्य जति मनमोहक छ, त्योभन्दा कम छैन उक्त तस्बिरमा छचल्किएको हिमालको पीडा । 'कुमारी हिमाल'को पगरी पाएको माछापुच्छ्रे मध्य जाडोमा पनि फुस्रो र निर्जन छ । हिउँविनाको चुचुरो फुङ उडेको उराठिलो छ । त्रिभुजाकारको कालापत्थर छेउबाट जहाज उडेझैं देखिन्छ । हिमालमा सेताम्मे हिउँ हुँदो त अझ कति खुल्दो उक्त तस्बिरको सौन्दर्य ?

प्रकृति र वातावरणप्रेमी जो कोहीको मनमा उब्जने प्रश्न हो यो । यो माछापुच्छ्रे मात्र नभएर हिउँविहीन बन्दै गएका हाम्रा हिमालहरूको साझा र दुःखदायी कथा हो । हिमालय क्षेत्रले झेलिरहेको वातावरणीय सङ्कटको ज्वलन्त प्रमाण हो । वर्षायाममा नाङ्गा र काला देखिने हिमाल अहिले हिउँदमा पनि उस्तै देखिन थालेका छन् । पुस महीना आधाउधी बितिसक्दा पनि हिउँ पर्ने कुनै छेकछन्द छैन ।

जाडो खासै महसूस गर्न नपाइ हिउँद बिताउनुपरेको अनुभव नौलो हुन छाडेको छ । हामीले हेर्दाहेर्दै हिमालबाट हिउँ घटिरहेको छ, यसरी हिउँ निथ्रिंदै गए हिमाल कसरी जोगिएलान् ? हिउँविनाको हिमाल के हिमाल ! हिउँ भए र पो हिमालहरू छन् । हिउँविना त ति केवल नाङ्गा र उजाड कालापत्थर न हुन् । हिमालबाट यसरी नै हिउँ रित्तिंदै गए हिमाल नियाल्न आउने पर्यटक पनि एक दिन निराश हुनेछन् । हिमालको सौन्दर्य र शोभा हराउँदै गए त्यसको प्रत्यक्ष असर नेपालको पर्यटन क्षेत्रले पनि अवश्य भोग्नेछ । विश्वव्यापीरूपमा गहिरिंदो जलवायु सङ्कटको सबैभन्दा ठूलो मार नेपालका हिमालमा परेको सो क्षेत्रका विज्ञ र अध्येताहरू बताउँछन् ।

पर्यावरणीय अध्येता कुलचन्द्र अर्यालका अनुसार जलवायु सङ्कटको नकारात्मक असर पर्ने विश्वकै सबैभन्दा बढी संवेदनशील क्षेत्रमा नेपालको हिमालय क्षेत्र पर्छ । "विश्वको औसत तापमान वृद्धिको दरभन्दा हिमालय क्षेत्रको तापमान वृद्धि बढी उच्च रहेको छ," उनी भन्छन्, "विश्वको औसत तापमान एक दशमलव पाँच प्रतिशतले बढ्दा हिमालय क्षेत्रमा एक दशमलव आठदेखि दुई डिग्री सेल्सियससम्म बढ्ने गरेको अध्ययनले देखाएको छ ।"

जलवायु परिवर्तन र उष्णीकरणले नेपालको हिमालय क्षेत्रमा नकारात्मक असर पुऱ्याइरहेको पर्यावरणीय अध्येता अर्यालको भनाइ छ । विश्वव्यापी तापमान वृद्धिका कारण हिमालय क्षेत्रमा हिमगलन बढ्नुका साथै नयाँ हिमताल थपिने, विस्तार हुने र विष्फोटन हुने दर बढीरहेको उनी बताउँछन् । कम वर्षा र हिमपात उच्च हुने हिमाली क्षेत्रमा पछिल्लो समय अनपेक्षितरूपमा उच्च वर्षा हुँदा बाढीपहिरोका घटना बढिरहेको वातावरणीय अध्येता अर्यालको भनाइ छ ।

कमजोर भूबनोट, वनस्पतिविहीन नाङ्गो र भिरालो जमीन भएका कारणले हिमाली क्षेत्रले वर्षा थेग्न नसक्ने र त्यसले बाढीपहिरो तथा लेदो बग्ने समस्या निम्ताउने गरेको छ । सोही कारण हिमालय क्षेत्रमा अप्रत्याशित प्राकृतिक विपद्का घटना निम्तिने गरेका छन् । जलवायु विज्ञ डा विमल रेग्मीले अहिलेकै गतिमा हिउँ पग्लिंदै गएमा आउँदा केही दशकमा नेपालका हिमालहरू कालापत्थरमा परिणत हुने बताउँछन् ।

विश्वव्यापी तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित पार्दा पनि यही शताब्दीको अन्त्यसम्ममा हिन्दूकुश-हिमालय क्षेत्रको ३६ प्रतिशत हिउँ भण्डार रित्तिने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द (इसिमोड)को अध्ययनले देखाएको डा रेग्मीको भनाइ छ । "अहिले नै विश्वव्यापी तापक्रम एक दशमलव एक डिग्री सेल्सियसले वृद्धि भएकामा पृथ्वीको तापमान दुई डिग्रीले बढ्ने हो भने हिमालय क्षेत्रको आधा हिउँ सकिने उक्त अध्ययनको निचोड छ," डा रेग्मी भन्छन्, "हरित ग्याँस उत्सर्जनलाई नियन्त्रण गर्न विश्वले उपयुक्त कदम नचाल्ने हो भने हिमालय क्षेत्रमा गम्भीर सङ्कट निम्तने खतरा छ, कुनै दिन हिमालको अस्तित्व नै नासिन सक्छ ।"

उनका अनुसार सन् २०१५ मा भएको 'पेरिस सम्झौता'मा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरूले विश्वव्यापी तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित पार्ने र दुई डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेका थिए । पृथ्वीको तापमान बढ्नुको मुख्य कारण हरित ग्याँसको उत्सर्जन रहेको डा रेग्मीको भनाइ छ । "कार्बन डाइअक्साइड, मिथेन जस्ता मानव उत्सर्जित हरितगृह ग्याँसले सूर्यको तापक्रम सोसेर राख्ने हुँदा पृथ्वीको तापक्रम बढ्छ," उनी भन्छन्, "विश्वव्यापी तापमान वृद्धिका कारण निम्तिएको जलवायु सङ्कटको ठूलो मार हाम्रा हिमालहरूमा परिरहेको छ ।"

हिमालय क्षेत्रको तापक्रम अन्य क्षेत्रको भन्दा पाँच गुणा बढी अर्थात् बर्सेनि शून्य दशमलव ००६ प्रतिशतले बढिरहेको विभिन्न अध्ययनले देखाएको छ । जलवायुजन्य प्रकोपका घटना हिमालय क्षेत्रमा बढी भइरहेका छन् । हिउँ पग्लेर हिमताल बन्ने क्रम बढ्दो छ । हिमनदी सुक्दै गएका छन् । हिमालको पारिस्थितिकीय प्रणालीमा उथलपुथल भइरहेको छ । जलवायु परिवर्तनका कारण पानीको चक्र फेरिएको छ । मनसुन ढिलो हुने, हिउँ नपर्ने, कुनै बेला हाँडीघोप्टे वर्षा हुने जस्ता समस्याहरू देखिन थालेका छन् ।

जलवायु विज्ञ डा रेग्मीले हिमालबाट हिउँ हराउँदै गएमा पानीमा आधारित कृषि र जनजीवनमा ठूलो असर पर्ने बताउँछन् । हिमालय क्षेत्र दक्षिण एशियाका झन्डै दुई अर्ब मानिसको पानीको स्रोत रहेको उनको भनाइ छ । "हिमालमा हिउँ नरहे, नदीका स्रोत सुक्छन्, त्यसले तल्लो तटीय क्षेत्रका बासिन्दाको जीविकोपार्जनदेखि खानेपानी, सिंचाइ, कृषि आदिमा भयानक सङ्कट निम्तिन सक्छ," उनी भन्छन् ।

जलवायुजन्य घटना र हानि-नोक्सानीका कारण नेपालको कुल गार्हस्थ्य उत्पादनमा वार्षिक दुई दशमलव पाँच प्रतिशतले ऱ्हास आइरहेको बताइन्छ । यो शताब्दीको अन्त्यसम्ममा १० देखि १२ प्रतिशतसम्म ऱ्हास हुने वन तथा वातावरण मन्त्रालयको अध्ययनले देखाएको छ । जलवायु न्यायको विषय रहेको भन्दै पर्यावरण संरक्षणमा अन्तर्राष्ट्रिय स्रोत जुटाउन सरकारले पहल लिनुपर्ने विज्ञहरूले बताउँदै आएका छन् ।

अन्तर्राष्ट्रियस्तरका जलवायु तथा वातावरण कोषमा नेपालले पहुँच पुऱ्याउनु आवश्यक रहेको र जलवायुको विषयलाई सरकारले आफ्नो नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्नुपर्ने उनीहरूको सुझाव छ । जलवायु परिवर्तनको कारकको रूपमा रहेको हरितगृह ग्याँस उत्सर्जनमा नगन्य भूमिका हुँदाहुँदै पनि त्यसको असर खेप्नुपरिरहेकाले नेपालले जलवायुजन्य हानि-नोक्सानीको पुनर्भरण अर्थात् क्षतिपूर्ति प्राप्तिका लागि विश्वमञ्चमा आफ्नो आवाज सशक्त बनाउनुपर्ने जरुरी देखिन्छ ।

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | शारीरिककष्ट | वृष | नारीसुख |
| मिथुन | अलमल | कर्कट | खिन्नता |
| सिंह | वाहनकष्ट | कन्या | मित्रमिलन |
| तुला | अतिथिआगमन | वृश्चिक | सुयश |
| धनु | खर्चवृद्धि | मकर | प्रसन्नता |
| कुम्भ | धनलाभ | मीन | अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# निषादहरूको भेला, गोलबद्ध हुने निर्णय

प्रस, सिम्रौनगढ, १३ पुस/

रौटहटको मौलापुर नगरपालिका-५ स्थित शिव मन्दिरमा शुक्रवार अबेर रातिसम्म निषाद जातिको अगुवा भेला सम्पन्न भएको छ।



उपेन्द्र मुखियाको अध्यक्षतामा भएको भेलामा सहभागी सीताराम मुखिया निषाद, नथु सहनी निषाद, इन्द्रजीत सहनी निषाद, कोशिला महतो नुनिया निषाद, जीतेन्द्र निषाद, हरेन्द्र महतो नुनिया निषाद, नागेश्वर मुखिया, दीपेन्द्र मुखिया, कामेश्वर मुखिया, राजदेव सहनी निषाद, राजेन्द्र सहनी निषाद, सुवेश मुखिया निषाद, रमाउती मुखिया निषादलगायतले नेपालमा निषाद जातिले बेग्लाबेग्लै सङ्गठन खोली बसेका र यसले कुनै निषाद जातिको अधिकार सुनिश्चित गर्न नसक्ने भन्दै निषाद जाति सबै एकताबद्ध हुनुपर्ने सुझाव दिएका थिए।

विभिन्न सङ्गठनमा रहेका निषाद जातिले जातीय अधिकारका लागि साझा सोचको साथ अगाडि बढ्नुपर्ने भनेर अगुवा भेलामा छलफल गरेका थिए।

भेलाले छिटै सम्पूर्ण निषाद जातिका अगुवाहरूको भेला डाक्ने र छरिएर बसेकाहरूलाई एउटै सङ्गठनमा गोलबद्ध बनाउने निर्णय गरेका थिए। भेलामा बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी जिल्लाबाट निषाद जातिका ५० जना अगुवा सहभागी थिए।


## फोहरमैलाको उचित व्यवस्थापन गरौं

- सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं,
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
- कुहिने फोहोरलाई घरमा नै मल बनाइ प्रयोग गरौं,
- पुनर्प्रयोग हुन सक्ने वस्तु (जस्तैः प्लास्टिकका डिब्बा, झोला आदि) पुनर्प्रयोग गरौं,
- फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
- प्लास्टिक वा अन्य वस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लास्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं,
- फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौं,
- शहर तथा गाउँ स्वच्छ र सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## नारायणी अस्पतालमा निश्शुल्क भोजन

प्रस, वीरगंज, १३ पुस/

समाज सेवाको आयोजनामा शनिवार नारायणी अस्पताल वीरगंजमा निश्शुल्क भोजन कार्यक्रम सम्पन्न भएको छ।

अस्पतालमा भर्ना भएका बिरामी, कुरुवाहरूका साथै दीनदु:खीहरूलाई



निश्शुल्क भोजन खुवाउने योजना अन्तर्गत आज ३३औं हप्ताको कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको समाज सेवाका सचिव प्रकाश बाहेतीले बताए। उनले प्रत्येक साता शनिवार भोजनका लागि करीब ५० हजार खर्च भइरहेको र ४५० बढीले भोजन गर्दै आएको बताए। उनले आज करीब पाँच सयले भोजन गरेको बताए। यसैबीच, वीरगंज महानगरपालिका-५ की वडा सदस्य सञ्जु दाहालले निश्शुल्क भोजन कार्यक्रममा तीन हजार सहयोग गरेकी थिइन्।

## फोनिज पर्साको अध्यक्षमा मगर

प्रस, वीरगंज, १३ पुस/

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) पर्साको शनिवार वीरगंजमा सम्पन्न चौथो जिल्ला अधिवेशनले मुनेश लायो मगरको अध्यक्षतामा सात सदस्यीय कार्यसमिति चयन गरेको छ।

समितिको उपाध्यक्ष ओमप्रकाश चौधरी, सचिव एन्जल चौधरी, सहसचिव रामकिशोर चौधरी, कोषाध्यक्ष सञ्जयदास थारूलगायत सदस्यहरू रहेको फोनिज मधेस प्रदेशका इन्चार्ज नीरज पिठाकोटे मगरले बताएका छन्।

कार्यक्रममा हालै सम्पन्न नेपाल पत्रकार महासङ्घको पर्सा र बारामा निर्वाचित फोनिजका सदस्यहरूलाई सम्मान गरिएको थियो।

कार्यक्रममा मधेस प्रदेशका अध्यक्ष दुश्यन्त चौधरी, फोनिजका पर्सा संस्थापक जगत राई, मधेस प्रदेश सदस्य जियालाल चौधरी, शम्भु महतो थारू, पूनम चौधरी, बाराका सदस्य नवीन चौधरी, उदयदास थारू, सन्तोषमान रञ्जीतकार, शेखर चौधरीलगायतको सहभागिता थियो।

### यस वर्ष ...

क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न तीनै तहको सरकारसहित निजी क्षेत्रले पनि ध्यान पुऱ्याउनुपर्ने बताए। उनले अहिले मन्दिरको नाममा दुई कट्ठा जग्गा मात्र रहेको र बाँकी जग्गा अतिक्रमणको शिकार भएको बताए। उनले ऐतिहासिक महत्त्व बोकेको पर्सागढी विजयोत्सवको सन्दर्भमा लेखिएका युद्ध लेख, दस्तावेजहरूमा युद्ध सफल पार्न प्रमुख भूमिका खेलेका रञ्जीत चौधरीको नाम उल्लेख नभएको भन्दै समावेश गर्न आग्रह गरे। युद्धस्थलमा चौधरीको कुलदेवता बन्हर बाबाको मन्दिर र विजय स्तम्भ बनाइएको यो क्षेत्रमा मदिरा र मांसाहारी भोजनमा प्रतिबन्ध रहेको बताए। पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष ओमप्रकाश खनाल लगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## चौथो सिद्धपुर फूटबलः आयोजकले उपाधि जित्यो

नरेश यादव, पर्सागढी, १३ पुस/

सखुवाप्रसौनी गाउँपालिका-१ सिद्धपुरमा जारी चौथो सिद्धपुर गोल्डकप फूटबल प्रतियोगिताको शनिवार फाइनल खेल सम्पन्न भएको छ। यस खेलमा बकुलिया बारालाई शून्यका विरुद्ध दुई गोल गरी आयोजक सिद्धपुर विजयी भएको छ।



वनशक्ति युवा क्लब, सिद्धपुर मैदानमा भएको फाइनल खेलमा पहिलो हाफको १५औं मिनेटमा र दोस्रो हाफको २०औं मिनेटमा सिद्धपुरका खेलाडीले गोल गरेका थिए।

पुष्पराज सिलवालको अध्यक्षतामा भएको समापन कार्यक्रमको प्रमुख अतिथि माओवादी केन्द्रका स्थानीय नेता शिवकुमार साहले विजेता र उपविजेता टीमलाई नगद, शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरेका थिए। उनले खेलले युवाहरूलाई अनुशासित बनाउने बताए। उनले खेलको विकासमा तीन तहको सरकारले विशेष चासो देखाउनुपर्ने बताए।

## अन्तरविद्यालय फूटबलको उपाधि मूनलाइटलाई

प्रस, वीरगंज, १३ पुस/

डिएभी रूक्मणि बनारसी केडिया स्कूलमा तेस्रो संस्करणको शङ्करलाल केडिया मेमोरियल अन्तरविद्यालय फूटबल प्रतियोगिताको शनिवार फाइनल खेल सम्पन्न भएको छ।




फाइनलमा मूनलाइट स्कूलले लिटिल फ्लावर स्कूललाई एकका विरुद्ध सात गोलअन्तरले पराजित गर्दै उपाधि जितेको छ। फाइनल खेलको उत्कृष्ट खेलाडी मूनलाइटका सुरेश मुखिया घोषित भए। विजेता मूनलाइटलाई नगद १५ हजारसहित ट्रफी, मेडल प्रदान गरिएको थियो भने उपविजेता लिटिल फ्लावरलाई १० हजार नगद, ट्रफी र मेडल प्रदान गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य रहबर अन्सारीले विजेता र उपविजेता टीमलाई पुरस्कृत गरेका थिए। कार्यक्रममा केडिया परिवारका सुनील केडिया, सन्दीप केडिया, डा विजय अग्रवाल, प्याब्सन पर्साका अध्यक्ष पुरन प्रधान, उपाध्यक्ष शिवजी गुप्ता, सुलभ केसी, दिनेश बङ्गालगायतको सहभागिता थियो।

प्रतियोगितामा डिएभी, ज्ञानदा एकेडेमी, साउथजोन, मनकामना, कादम्बरी एकेडेमी, डिपिएस, मूनलाइट, जीवनज्योति, लिटिल फ्लावर, मालिनी एकेडेमी, मेरीगोल्ड, काभेरी एकेडेमी गरी १२ वटा विद्यालय सहभागी थिए। कार्यक्रमको सहजीकरण शिक्षिका मेधा दधीचिले गरेकी थिइन्।

## एनपिएल विजेता जनकपुर बोल्ट्सको महोत्तरीमा 'ट्रफी परेड'

महोत्तरी, १३ पुस/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो संस्करण विजेता जनकपुर बोल्ट्सका खेलाडीहरू महोत्तरीमा शनिवार आयोजित 'ट्रफी परेड'मा सहभागी भएका छन्। मधेस प्रदेशका सबै जिल्लामा विजयोत्सव मनाउने क्रममा आज यहाँ आइपुगेको उक्त टोलीलाई मटिहानीका नगरवासीले भव्य स्वागत गरे।

मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, जनप्रतिनिधि र नगरवासीले विजेता टोलीको स्वागत गरेका थिए। विजेता टीमका खेलाडीलाई फूलका माला तथा दोसल्ला ओढाएर नगरप्रमुख मण्डलले स्वागत गरे। खेलाडीलाई ट्रफीसहित मटिहानी नगरपरिक्रमा गराइएको थियो।

खेलाडीको स्वागतमा मुलुककै जेठो विद्यालय राजकीय संस्कृत माध्यमिक विद्यालय (गुरुकुल) मटिहानीका वटुकले न्यानो स्वागत गरेका थिए। नगरपरिक्रमाका क्रममा गुरुकुल परिसर पुगेका जनकपुर बोल्ट्सका खेलाडीलाई वटुकले वैदिक मन्त्रले स्वस्तिवाचन गरेका थिए।

मटिहानीको स्वागत ग्रहणपछि टोली आज जलेश्वर नगरपालिकातर्फ अघि बढेको थियो। जलेश्वरका नगरप्रमुख सुरेश साह सोनारले खेलाडीहरूलाई स्वागत गरेका थिए। नगरवासीले जनकपुर बोल्ट्सका खेलाडीलाई काँधमा बोकेर खुशी व्यक्त गरेका थिए।

त्यस अवसरमा नगरप्रमुख सोनारले खेलमार्फत मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्ने खेलाडीलाई नगरमा स्वागत गर्न पाउँदा निकै खुशी लागेको बताए। विजयी टोली जलेश्वरबाट एकडारा गाउँपालिका, मनराशिशवा नगरपालिका, सम्सी र सोनमा गाउँपालिकाका विभिन्न बस्तीहरूमा विजयोत्सव मनाउँदै सर्लाहीतर्फ प्रस्थान गर्नेछन्।

जनकपुर बोल्ट्सका प्रबन्ध निर्देशक नीरज खतिवडाले आम नागरिकको चासो र आफूहरूले जीतमा देखिएको खुशी एवं आत्मीयताबाट आफूहरूलाई ऊर्जा मिलेको बताए।

जनकपुर बोल्ट्सले एनपिएल जितेको खुशियालीमा मधेस प्रदेशका आठवटै जिल्लामा विजयोत्सव मनाउँदै छ। शुक्रवार धनुषाको जनकपुरधामबाट शुरू भएको 'ट्रफी परेड' आज महोत्तरी, सर्लाही र रौतहटमा आयोजना गरिएको हो। टोली आइतवार बारा र पर्सा, सोमवार सिराहा र सप्तरी पुग्ने तालिका छ।

## सशस्त्र प्रहरीमा 'ग्रासरूट' फूटबल प्रशिक्षण

काठमाडौं, १३ पुस/रासस

दक्ष र अनुशासित खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ सशस्त्र प्रहरी बलमा पहिलोपटक 'ग्रासरूट फूटबल प्रशिक्षण-२०८१' सञ्चालन भएको छ। सशस्त्र प्रहरी मुख्यालय हल्चोकमा शनिवार आयोजित कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले ग्रासरूट फूटबलका प्रमुख प्रशिक्षक सशस्त्र प्रहरी नायब उपरीक्षक जिवेश पाण्डेलाई फूटबल हस्तान्तरण गरे।

सो क्रममा महानिरीक्षक अर्यालले ग्रासरूट फूटबल प्रशिक्षणले बालबालिकाहरूको बौद्धिक, भावनात्मक र शारीरिक विकासमा समेत वृद्धि हुने विश्वास व्यक्त गरे। यस अन्तर्गत छदेखि १५ वर्षसम्मका बालबालिकालाई फूटबल प्रशिक्षण दिएर उत्कृष्ट खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको छ।

महानिरीक्षक अर्यालले फूटबल खेलमा रुचि राख्ने सम्पूर्ण बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू र सर्वसाधारणका सन्ततिलाई अनुभवी प्रशिक्षकद्वारा प्रशिक्षण गराइ उत्कृष्ट खेलाडी तयार पार्न ग्रासरूट फूटबल प्रशिक्षण कार्य सफल हुने विश्वास व्यक्त गरे।

सोही अवसरमा महानिरीक्षक अर्यालले प्रधान कार्यालय परिसरमा नवनिर्मित बक्सिङ रिङको समेत उद्घाटन गरे। उनले बक्सिङ विधाका खेलाडीलाई प्रशिक्षणमा सहजताका लागि आधारभूतस्तरको नेपाल एपिएफ बक्सिङ प्रशिक्षण रिङको निर्माण गरी प्रशिक्षण गराउन लागिएको बताए।

ग्रासरूट फूटबल प्रशिक्षणमा बहालवाला सशस्त्र प्रहरी कर्मचारीका १२९ सन्तति, अमर तथा अवकाशप्राप्त सशस्त्र प्रहरीका चार सन्तति र सर्वसाधारण नागरिकका १३५ सन्नति गरी कुल २६८ जना सहभागी रहेका सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए।